म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १४ बुधबार, २८ साउन २०८२ ने. सं. ११४५ गुँल्लागा 13 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## युवा दिवसको अवसरमा बिचारगोष्ठी

हेटौंडा, २७ साउन/२६ औं अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा अखिल (क्रान्तिकारी) जिल्ला समिति मकवानपुरको आयोजनामा बिचारगोष्ठी एवम् सम्मान कार्यक्रम सम्पन्न भएको छ । अखिल (क्रान्तिकारी) जिल्ला समिति मकवानपुर अध्यक्ष बुद्धराज अर्यालको अध्यक्षता एवम् नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य एवम् बागमती प्रदेशका पूर्वमूख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यतामा भएको हो । सामाजिक र राजनीतिक विकासमा युवाको भूमिका विषयक बिचार गोष्ठीमा प्रमुखअतिथि जम्कट्टेलले युवा समाज विकासको मेरुदण्ड भएको बताए । उनले युवा अध्ययनशील हुनुपर्ने बताए । समाजबाद हुँदै साम्यवादको अभियानमा युवालाई केन्द्रीत हुन जम्कट्टेलले आग्रह गरे । यसैबीच मंगलबार नेकपा (माओवादी केन्द्र) मकवानपुरको सभाहलमा भएको कार्यक्रममा बिभिन्न क्षेत्रमा योगदान पुऱ्याउने ७ जनालाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा सञ्चारकर्मी राजकुमार केसी, प्राध्यापकहरु उत्तम अर्याल, गौतम केसी, स्वास्थ्यकर्मी जयराम रायमाझी, नि:शुल्क लेखापालन तालिमको सहजकर्ता किशोर अर्याल, जिल्ला खेलकुद समिति अध्यक्ष राजकुमार मोक्तान, जनयुद्धकी घाइते युवा सिलाई ब्यवसायी अंमृता पाख्रिन रहेका छन् ।

### बागमती प्रदेशका मुख्यमन्त्री बानियाँले विश्वासको मत पाए

## सरकारले जात्रा देखाउँदैन, यात्रा गर्छ: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता



हेटौंडा, २६ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरेका छन् ।

मंगलबार बसेको प्रदेश सभा बैठकमा मुख्यमन्त्री बानियाँले विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गरेका थिए । मुख्यमन्त्री पदमा र हिरहन बानियाँलाई ५६ सांसदको समर्थन आवश्यक पर्नेमा बानियाँको पक्षमा ६३ मत परेको छ । १ सय १० सदस्य रहेको प्रदेशसभामा मुख्यमन्त्री बानियाँलाई नेपाली काग्रेसका ३६ र नेकपा एमालेका २७ गरी ६३ सांसदले मत दिएका हुन् । मंगलबारको बैठकमा उपस्थित ९२ प्रदेशसभा सदस्यमध्ये २२ जनाले विपक्षमा मत दिए भने ७ जना तटस्थ रहेका थिए ।

प्रदेशसभामा मुख्यमन्त्री बानियाँले अब इन्द्रयात्रा सुरु भएको बताए । आफ्नो नेतृत्वको सरकारले जात्रा देखाउने नभई यात्रा गर्ने उनले बताए । मुख्यमन्त्री बानियाँले ठगीखाने र मागीखानेको पक्षमा सर कार नरहने जिकिर गरे । उनले नेपालमा गणतन्त्र नेपाली कांग्रेसबिना सम्भव नरहेको बताए । आफ्नै दलभित्र पनि फरक मत र विचार राख्न पाउने पार्टी कांग्रेस मात्र भएको उनले बताए । मुख्यमन्त्री बानियाँले बाहिर आएजस्तो नेपाली कांग्रेसमा कुनै वादविवाद नरहेको स्पष्ट पारे । कांग्रेस एकढिक्का भएको उनले दाबी गरे ।

मुख्यमन्त्री बानियाँले सरकारमा बस्ने निर्णयकर्ता मात्रै नभएर जनताको आवाज सुन्ने र जनताको प्राथमिकता दिने नीति रहने बताए । समृद्ध बागमती प्रदेशको आधार बलियो आर्थिक स्वावलम्बन बनाउनु सरकारको जिम्मेवारी रहेको उनले बताए । 'कृषि, पर्यटन, उद्योगबाट स्थानीय आय बढाउनेछौँ । सीपमूलक तालिम र रोजगार कार्यक्रम विस्तार गर्नेछौँ । प्रदेशको स्रोतसाधनको उच्चतम सदुपयोग गरेर राजश्व वृद्धि गर्नेछौँ । वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशीलतामार्फत् प्रदेशमा नै अवसर दिनेछौँ' उनले भने, 'सरकार जनतामाथि हैन, जनताभित्र हुनेछ । सरकार कागजको फाइलमा मात्रै हैन, किसानको खेतमा, मजदुरको पसिनामा, विद्यार्थीको कलममा सेवा पुग्नेछ । हामी जनताको ढोका ढक्ढक्याएर सेवा दिने सरकार बनाउनेछौँ ।'

मुख्यमन्त्री बानियाँले सरकार न्यायमुखी भएर प्रदेशमा कुनै नागरिकको अधिकार कुण्ठित हुने अवस्थाको अन्त्य गर्ने उल्लेख गरे । धनी, गरिब, सहर गाउँ, जातजाति, भाषा संस्कृति सबैको हक समान हुने र न्याय ढिलो हैन समयमै दिने प्रणाली हामीले सुनिश्चित गर्नेमा प्रतिबद्ध रहेको उनको भनाई छ । सरकार विकास केवल सडक र भवन मात्रै नभई रोजगारी सिर्जना, सीप, स्वच्छ वातावरण, आधुनिक कृषि, गुणस्तरीय शिक्षा र गरिब नागरिकलाई नि:शुल्क स्वास्थ्यमा सरकारको ध्यान पुग्ने उनले बताए । विकासको फाइदा सहरमा मात्रै हैन दुर्गम गाउँको आँगनसम्म महसुस गर्ने गरी पुऱ्याइने उनले बताए ।

मुख्यमन्त्री बानियाँले विपद्का कारण प्रदेशमा जनधनको क्षति भएका विगतका संरचनालाई पुनर्निर्माण द्रुतगतिमा गर्ने, वर्षाको समय भएकोले थप विपत् जोखिम हुनसक्ने सम्भावनालाई नियन्त्रण गर्ने सरकारको चुनौतीकारुपमा रहेको बताए । स्थानीय तह र संघीय तहको सम्बन्ध सोचे जस्तो बलियो हुन नसकेको अवस्थामा सरकारले नियमितरुपमा संविधानको दायराभित्र रहेर संघ र स्थानीय तहसँग आआफ्ना एकल अधिकार र साझा अधिकारका विषयमा गहन छलफल गर्ने कार्य अगाडि बढाउने उनको भनाई छ ।

मुख्यमन्त्री बानियाँले प्रदेशको एकल अधिकार र साझा अधिकारको विषयमा संघीय सरकारसँग बहस र छलफल गर्नुपर्ने धारणा राखे । भ्रष्टाचारमुक्त, सुशासनयुक्त, पारदर्शी र जवाफदेही नमुना बागमती सरकार चलाउन प्रदेशसभाको समर्थन आवश्यक रहेको मुख्यमन्त्री बानियाँले बताए । प्रदेशको समग्र विकास, सुशासन र स्थायित्वका लागि आफूले प्रदेश सरकारको नेतृत्व गरेको उनले दाबी गरेका छन् । बानियाँ गत साउन २० गते बागमती प्रदेशको छैटौं मुख्यमन्त्री नियुक्त भएका थिए ।

बानियाँ आफ्नै पार्टीका संसदीय दलका नेता बहादुरसिंह लामाविरुद्ध अविश्वासको प्रस्ताव पास गरेर संसदीय दलको नेतामा निर्वाचित भएका थिए । गठबन्धनबाट मुख्यमन्त्री बनेका बानियाँले अझै सर कारलाई पूर्णता दिन बाँकी छ । १४ मन्त्रालय रहेको बागमती प्रदेशमा हालसम्म मुख्यमन्त्रीसहित ८ जना मन्त्री नियुक्त भएका छन् । नेपाली कांग्रेसको भागमा परेका ६ वटा मन्त्रालयमा अझै जिम्मेवारी तोक्न बाँकी छ ।

## मनहरीका वडाअध्यक्ष खनाल ५२ वर्षमा स्नात्तक भर्ना

साझाकुरा संवाददाता



हेटौंडा, २७ साउन/ मनहरी गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष शिवप्रसाद खनाल ५२ वर्षको उमेरमा स्नातक अध्ययनको लागि क्याम्पस भर्ना भएका छन् ।

आफैँ व्यवस्थापन समितिको अध्यक्ष रहेको विद्यालयबाट गतवर्ष १२ कक्षा उत्तीर्ण गरेका खनालले मंगलबार हेटौंडा-१९ बस्तीपुरस्थित निर्मल बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र संकायतर्फ स्नातक तहमा भर्ना भएका हुन् । मनहरी गाउँपालिका-१ को दोस्रो कार्यकालका लागि वडाध्यक्ष रहेका खनालले वडाध्यक्ष रहँदा ४८ वर्षको उमेरमा कक्षा ११ मा भर्ना गरेका थिए । 'विद्यालय उमेरमा एसएलसीसम्म मात्रै पास गरेर पढ्ने रहर हुँदाहुँदै छाडेको थिएँ, पछि ४८ वर्षको उमेरमा ११ कक्षा भर्ना भएर १२ पास भएँ । त्यसपछि १ वर्ष खाली बसेर अहिले ब्याचलर पढ्न भर्ना भएको छु' वडाध्यक्ष खनालले भने ।

जनप्रतिनिधि भएपछि जनताको काममा व्यस्त भएकाले गतवर्ष स्नातक भर्ना गर्न नभ्याएको बताउने वडाध्यक्ष खनालले अब पढाई र जनतको काम सँगसँगै अघि बढाएर चारवर्षे स्नातक तह पूरा गर्ने दृढता व्यक्त गरे । प्रौढउमेरमा स्नातक भर्ना हुन आएका वडाध्यक्ष खनाललाई क्याम्पसमा स्वागतसहित मंगलबार भर्ना गरिएको निर्मल बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख सुवासचन्द्र कँडेलले जानकारी दिए । २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट उम्मेदवार बनी वडाध्यक्षमा विजयी बनेका खनालले २०७९ को निर्वाचनमा पुन: वडाध्यक्षमा निर्वाचित बनेका थिए ।

विद्यालयको पढाइ सुधार्ने अभियानका साथै आफ्नो अधुरो पढाई पूरा गरी आत्मविश्वासी बन्न यो उमेरमा पनि उच्चशिक्षालाई निरन्तरता दिइएको वडाध्यक्ष खनालले बताए । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले वडाध्यक्ष खनालले यो उमेरमा पनि पढाईलाई निरन्तरता दिएर गाउँबासीलाई पढाईको महत्वबारे बुझ्ने प्रेरणा प्रदान गरेको बताए ।

'औपचारिक शैक्षिक योग्यताको महत्व कति हुन्छ भन्ने कुरा दर्शाउन वडाध्यक्षज्यू एक उदाहरण बन्नुभएको छ, अध्ययनलाई निरन्तरता दिनुपर्छ भन्ने कुरा उहाँबाट सबैले सिक्न जरुरी छ' अध्यक्ष कालाखेतीले भने ।

## फोनिज मकवानपुरले मनायो २६ औं स्थापना दिवस




साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुर शाखाले स्थापना दिवस मनाएको छ । मंगलबार हेटौंडामा प्रभातफेरीको आयोजना गरी २६ औं स्थापना दिवस मनाइएको हो ।

'समृद्धिको आधार: पूर्ण समावेशी सञ्चार' भन्ने मूलनाराकासाथ आयोजित प्रभातफेरी कार्यक्रम फोनिज मकवानपुरका अध्यक्ष नवराज वाईबाको सभाध्यक्षता तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष एवम् फोनिज मकवानपुरका सल्लाहकार कृष्ण सारुमगरको प्रमुख आतिथ्यतामा भएको हो ।

प्रभातफेरी कार्यक्रम हेटौंडाको सीमाचोकबाट सुरुभई बुद्धचोक, उद्योग वाणिज्य संघ चोक हुँदै पुन: सीमाचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । कार्यक्रममा प्रमुखअतिथि मगरले सञ्चारको क्षेत्रमा आदिवासी जनजातिको आवाज अझ प्रभावकारी बनाउन फोनिजले खेलेको भूमिका प्रशंसनीय रहेको बताए ।

उनले फोनिज पत्रकारिताको दिगो विकास र यस पेशामा आबद्ध सबै पत्रकारको क्षमता अभिवृद्धि गर्न तालिम र कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गरे । साथै उनले जिम्मेवार र उत्तरदायी भएर पेशामा क्रियाशील हुन सबै पत्रकारलाई आग्रह गरे । फोनिजका केन्द्रीय पार्षद् एवम् पत्रकार महासंघ बागमती प्रदेशका सदस्य सुर्वणलाल श्रेष्ठले स्थापना दिवसको अवसरमा शुभकामना दिँदै पत्रकारको अधिकारका लागि महासंघ सदैब लागि परिरहेको बताए । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र, संविधानलगायत उल्लेखनीय उपलब्धी प्राप्त हुनुमा जनजाति पत्रकारको पनि भूमिका रहेको उल्लेख गरे ।

फोनिज मकवानपुरका अध्यक्ष वाईबाले यस कार्यक्रमले आदिवासी जनजाति समुदायका आवाजलाई सशक्त बनाउँदै समावेशी सञ्चार प्रवर्द्धन गर्ने सन्देश प्रवाह गर्ने विश्वास लिएको बताए । उनले जनजाति पत्रकारको क्षमता अभिवृद्धि गर्न तालिममा र कार्यक्रम समावेश गराउन नेपाल पत्रकार महासंघ बागमतीका अध्यक्ष मगरलाई अनुरोध गरे ।

कार्यक्रममा फोनिज बागमतीका उपाध्यक्ष दीलबहादुर रुम्बा, फोनिज बागमतीका सचिव एवम् सञ्चारिका समूह मकवानपुरकी अध्यक्ष निशा गुरुङ, प्रेस चौतारी मकवानपुरका इन्चार्ज विवश अधिकारीलगायत फोनिजकर्मीको सहभागिता रहेको थियो ।

## पालुङमा वर्षेनी मनाइने हिलेजात्रा मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ मकवानपुरको पालुङमा वर्षेनी मनाइने हिलेजात्रा मनाइएको छ । गाईजात्राको पर्सीपल्ट मनाइने हिलेजात्रामा खेतीपाती, देवदैत्यबीचको द्वन्द्वसँग जोडिएको परम्परागत नृत्य, लाखेनाच, रोपाइँ अभिनय र प्रहसन हुन्छ ।

थाहा-२ को देउला (ईन्द्रायणी) वस्ती, थाहा-३ को गोपालीगाउँ, पालुङ, ओखरबजार लगायत स्थानबाट निकालिएको हिलेजात्रा थाहा-३ को घट्टेचौरमा पुगेर एकीकृत भई विभिन्न कार्यक्रम गरिन्छ । हिलेजात्रा एउटा जात्रा भन्दा पनि बिसौनी हो, रोपाँईले थाकेका हातगोडा अनि हिलोसँग अघाएका मनहरु रोपाँई सकिएको खुशीमा घट्टेचौर (जनकल्याण माविमा) जम्मा भएर गर्ने जात्रा हो । हिलेजात्रा नेवा: समुदायको इतिहास अनि सभ्यतासँग मूलभूतरुपमा जोडिएको यस जात्राको महत्व अनि सन्दर्भ बिशिष्ट छ ।

जात्राको इतिहास मल्लकालीन समयसँग ठोकिन्छ । मल्लकालीन समयबाट उपत्यकामा गाइजात्रा र बाहिर हिलेजात्रा मनाउने चलन रहेको थियो । लाखेनृत्य, अनि मान्छेले जनावरको भेष लिएर नाच्ने, अरुलाई गिज्याउने, तर्साउने यस जात्राको महत्वपूर्ण अनि रमाइलो पाटो हो । सामान्यतया गाइजात्राको भोलिपल्ट, पर्सिपल्ट या यति दिनपछि भनी हिलेजात्राको मिति तय गरिएको हुन्छ ।



साझाकुरा

## हाम्रो कुरा

# मुख्यमन्त्रीलाई बिश्वासको मत

बागमती प्रदेशसभामा नेपाली कांग्रेसभित्र देखिएको विवादबीचमै मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले बिश्वासको मत पाएका छन् । बानियाँ र पूर्वमुख्यमन्त्री बहादुर सिंह लामापक्षबीचमा देखिएको विवाद अन्त्य गरी सहमति जुटाउने प्रयास भएको थियो । पूर्वमुख्यमन्त्री लामाले सोमबार पार्टी सभापति शेरबहादुर देउवालाई भेटेर आफ्नो गुनासो बिसाएका थिए । लामासँगै सभापति देउवालाई भेटेका नेताहरुका अनुसार मिलेर अघि बढ्न देउवाले निर्देशन दिएका थिए । मुख्यमन्त्री बानियाँले विश्वासको मत लिनुअघि नै दुईपक्षमा सहमति जुट्ने उम्मिद भने कायमै थियो । नेपालका कम्युनिष्ट द्वन्द्वात्मक भौतिकबादका कुरा फलाक्दै हिड्न् तर, द्वन्द्वभने कोठाभित्रै सीमित राख्ने गरेका छन् । तर, नेपाली कांग्रेस उदारबादको नीतिमा बिश्वास राख्छ तर, अन्तरद्वन्द्वको चरित्र छरपस्ट बनाइरहेको हुन्छ । यो कांग्रेस पार्टीभित्रको आन्तरिक विषय थियो तर, सडकमा छताछुल्ल भयो । पूर्वमुख्यमन्त्री लामाले नियुक्त गरेका तीन जनालाई मन्त्री बनाउने विषयले दुईपक्षमा तिक्तता उत्पन्न भएको थियो । लामाले नियुक्त गरेर सपथ हुन नपाएका तीन सांसदलाई नवगठित मन्त्रिपरिषदमा सहभागी गराउनुपर्ने विषयलाई मूल माग बनाएको थियो ।

धादिङका गोविन्द लम्साल, चितवनका माया श्रेष्ठ र गीता गुरुङलाई मन्त्री नियुक्त गरेको भएपनि सपथग्रहण रोकिएको थियो । सरकार सञ्चालनमा आपसी सर सल्लाहअनुसार अघि बढ्नुपर्ने सुनिश्चिता मुख्यमन्त्री बानियाँसँग पूर्वमुख्यमन्त्री लामापक्षले खोजेको थियो । असन्तुष्ट पक्षले आफ्ना माग सम्बोधन नभए मुख्यमन्त्री बानियाँलाई विश्वासको मत नदिने र सामूहिक राजीनामा दिने चेतावनी दिएको थियो । तर, नेता बानियाँले कुटनीतिक रुपमा यो विवाद समाधान गरेका छन् । लामाले मन्त्री नियुक्त गरेर सपथ लिन नपाएका सांसद गोविन्द लम्सालले आफ्नो समूहका १३ जनाले समूहको नेतृत्वकर्ता लामालाई राजीनामा बुझाएको दाबी गरेका थिए । प्रदेशसभामा कांग्रेसका ३७ सांसदमा लामा पक्षका १४ जना देखिएका थिए । यहाँ पाटी भित्रको अन्तरकलह 'हलो अड्काएर गोरु चुट्ने ' भनेझैं थियो । सत्ता साझेदार कांग्रेस र एमाले दुबै दलले मुख्यमन्त्री बानियाँलाई मंगलबार विश्वासको मतदिन ह्वीप जारी गरिसकेका थिए । मुख्यमन्त्री बानियाँले पार्टी सभापति देउबाले भन्नुभयो भने तीनजना मात्र होइन बाँकी पाँचै मन्त्रालयमा बाहादुरजीका सांसदलाई मन्त्री बनाउँछु भनेर कुटनीतिक चाल चल्ने दाउमा अभिब्यक्ति दिएका थिए । जुनसुकै समूहका मन्त्री बनेपनि आखिर कांग्रेसकै सांसद भएकाले त्यसमा कुनै आपत्ति थिएन । तर, मन्त्रिपरिषद् विस्तार भने २७ साउन विश्वासको मत लिएपछि मात्रे हुने भनेर बानियाँले चलाखीपूर्ण निर्णय लिएका थिए । अब मन्त्रिपरिषद् विस्तार गन धेरै दाउपेच चलाइरहनु पर्दैन । पार्टीका सभापतिलगायत शीर्ष नेतृत्वसँग बसेर मन्त्रिपरिषद् विस्तारको विषय टुंग्याउने योजनामा बानियाँ छन् । ११० सदस्यीय प्रदेशसभामा सत्तारुढ दलहरुका प्रत्यक्ष र समानुपातिकतर्फका ६४ सांसद थिए । जसमा सरकारको नेतृत्व गरिरहेको कांग्रेसका ३७ र एमालेका २७ सांसद छन् ।

प्रतिपक्षतर्फ माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ सांसद रहेका छन् । मुख्यमन्त्री पदमा रहिरहन बानियाँलाई ५६ सांसदको समर्थन आवश्यक पर्नेमा बानियाँको पक्षमा ६३ मत परेको छ । १ सय १० सदस्य रहेको प्रदेशसभामा मुख्यमन्त्री बानियाँलाई नेपाली काग्रेसका ३६ र नेकपा एमालेका २७ गरी ६३ सांसदले मत दिएका हुन् । मंगलबारको बैठकमा उपस्थित ९२ प्रदेशसभा सदस्यमध्ये २२ जनाले विपक्षमा मत दिएका थिए भने ७जना तटस्थ रहेका थिए । प्रदेशसभामा मुख्यमन्त्री बानियाँले अब इन्द्रयात्रा सुरु भएको बताए । आफ्नो नेतृत्वको सरकारले जात्रा देखाउने नभई यात्रा गर्ने उनले बताए । मुख्यमन्त्री बानियाँले ठगीखाने र मागीखानेको पक्षमा सरकार नरहने जिकिर गरे । उनले नेपालमा गणतन्त्र नेपाली कांग्रेसबिना सम्भव नरहेको बताए । आफ्नै दलभित्र पनि फरक मत र विचार राख्न पाउने पार्टी कांग्रेस मात्र भएको उनले बताए । मुख्यमन्त्री बानियाँले बाहिर आएजस्तो नेपाली कांग्रेसमा कुनै वादविवाद नरहेको स्पष्ट पारे । कांग्रेस एकढिक्का भएको उनले दाबी गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन २९ गते बिहीबार १४ अगष्ट २०२५ । पञ्चमी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३४, सूर्यास्त ६:४१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा कलह | **तुला** | : मानसिक अशान्ति |
| **वृष** | : यात्रामा बाधा | **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : अपजस पाइने | **मकर** | : उपचारमा खर्च बढ्ने |
| **सिंह** | : बौद्धिक कार्यमा वाधा | **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **कन्या** | : व्यवसायमा विवाद | **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# रवि लामिछाने प्रकरण : न्यायको कठघरामा कानुनको कठोरता



✍भूमिनन्द बराल

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने अहिले सहकारी ठगी सम्बन्धी मुद्दा पुर्पक्षका लागि कारागारमा छन् । तर उनीमाथि सहकारी ठगी र संगठित अपराध सम्बन्धी लगाइएका आरोप र सोही आधारमा भइरहेको कानुनी कारबाहीले नेपालको न्याय प्रणालीका आधारभूत सिद्धान्तमाथि गम्भीर प्रश्न खडा गरेको छ । विशेषगरी पुर्पक्षका लागि उनलाई निरन्तर थुनामा राख्ने निर्णय र यस प्रकरणमा देखिएको कानुनी कठोरताले न्यायिक विवेक तथा कानुनको समान प्रयोगमाथि गम्भीर उल्झन पैदा गरेको छ । सर्वोच्च अदालतले सहकारी ठगीसम्बन्धी फौजदारी कसुरमा समेत मेलमिलाप हुनसक्ने नजिर स्थापित गरिसकेको परिप्रेक्ष्यमा लामिछाने विरुद्धको कारबाहीमा अपनाइएको कठोरताले कानुनको उद्देश्य र त्यसको कार्यान्वयनबिचको गहिरो विरोधाभास उजागर गरेको छ ।

लामिछानेमाथि लगाइएका आरोपहरू खासगरी सहकारी ऐन र संगठित अपराध निवारण ऐनको प्रयोगमा देखिएका विसंगतिहरूको गहन विश्लेषण गर्नुपर्ने देखिन्छ । प्रत्यक्ष प्रमाणको अभाव, पुर्पक्ष थुनाको औचित्य माथि उठेका प्रश्नहरू र प्रतिवादीको प्रतिरक्षा अधिकारमा परेको असरको यस लेखमा विस्तृत समीक्षा गर्ने कोसिस गरिन्छ ।

**पृष्ठभूमि र वर्तमान अवस्था**

पूर्वउपप्रधान तथा गृहमन्त्री समेत रहेका रास्वपा सभापति रवि लामिछाने हाल पुर्पक्षका लागि रुपन्देही कारागारमा छन् । उनीमाथि रुपन्देहीका अतिरिक्त काठमाडौं, चितवन र पोखराका विभिन्न सहकारीको बचत अपचलनमा संलग्न भएको अभियोगमा मुद्दा विचाराधीन छन् भने पर्सामा समेत एउटा मुद्दा प्रक्रियामा छ । यसरी विभिन्न जिल्लामा मुद्दाहरू फैलिएको अवस्थाले प्रतिवादीका लागि कानुनी प्रतिरक्षा गर्न जटिलता सिर्जना गरेको छ । लामिछानेका विषयमा संसदीय छानबिन समितिका बहसहरु र समितिकै सदस्यहरुले दिएका अभिव्यक्ति, प्रहरी प्रमुखदेखि कांग्रेस नेता डा. शेखर कोइराला, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र प्रधानमन्त्री केपी शर्मा ओलीसम्मका रक्षात्मक अभिव्यक्तिहरु आफैंमा न्याय प्रणालीसँग मेल खाएको देखिँदैन । मुद्दाको उत्पत्ति नै राजनीति रुपबाट भएको देखिन्छ । सहकारी संसदीय छानबिन समितिको प्रतिवेदन मात्र हैन, क्षेत्रीय राजनैतिक प्रभाव पनि उत्तिकै जोडिएको जस्तो देखिन्छ ।

रुपन्देही जिल्ला अदालतमा नेपाल सर कारले दायर गरेको अभियोगपत्र अनुसार बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट नक्कली ऋण कागजात खडा गरी गोर्खा मिडिया नेटवर्कमा रकम ल्याइएको आरोप लामिछानेमाथि छ । उनी गत २०८१ चैत २२ गतेदेखि निरन्तर थुनामा छन् । यद्यपि, उनको मुद्दाका फाइलहरूले उनलाई थुनामै राखेर कारबाही अगाडि बढाउनु पर्ने ठोस र वस्तुनिष्ठ कारणका आधार देखाउँदैनन् ।

लामिछानेले आफूले सुप्रिम सहकारीबाट कुनै रकम नलिएको र आफू कुनै पनि सहकारीको सञ्चालक, सेयरधनी, बचतकर्ता, कर्मचारी वा निर्णायक भूमिकामा नरहेको दाबी गर्दै आएका छन् । यस्तो अवस्थामा सरकारी दाबीमा कर्मचारीको भूमिका पाँच महिना समय भएको देखिन्छ । उक्त समयको भूमिकामा खास नरहेको व्यक्तिले कसरी सहकारीको यति धेरै बचत हिनामिना गर्न सक्छ भन्ने प्रश्न स्वाभाविक रूपमा प्रश्न उठ्छ ।

लामो समयदेखि थुनामा राखिए पनि अभियोजन पक्षले उनीविरुद्ध कुनै प्रत्यक्ष प्रमाण अदालतमा पेस गर्न सकेको छैन । केवल अपुष्ट पूर्वधारणाका आधारमा कसैलाई निरन्तर थुनामा राख्नु 'प्रि-ट्रायल डिटेन्सन (पुर्पक्षीय थुना) को सिद्धान्त र यसको औचित्य माथिकै प्रश्न हो । आफ्नो भागमा लगाइएको बिगो बराबरको बैंक जमानत राखी थुनामुक्त गरिपाउँ भनी लामिछानेले गत साउन १३ गते रुपन्देही जिल्ला अदालतमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ र ७१ निवेदन दिएका थिए । उनीमाथि लगाइएको कसुर थुनामै राखेर कारबाही गर्नुपर्ने प्रकृतिको मुद्दा नभएको बलियो आधार छ । न उनी सदस्य हुन् न सञ्चालक । यसबाहेक जति बिगो छ कबुलेर निस्कन्छु र पछि फैसलामा कसुर ठहर भयो भने अदालतको आदेश सम्मान गर्छु भनी अदालत समक्ष निवेदन दिँदा न्यायलयलाई स्वीकार भएन । रवि लामिछानेमाथि लागेका प्रमुख आरोप र मुद्दाको अवस्था हेरौं ।

उनीमाथि दायर भएको मुद्दा हो- सहकारी बचत अपचलन, संगठित अपराध । विचाराधीन जिल्लाहरू : रुपन्देही, काठमाडौं, चितवन, पोखरा, पर्सा (प्रक्रियामा) छन् । सुप्रिम सहकारीबाट नक्कली ऋण कागजात बनाई गोर्खा मिडिया नेटवर्कमा रकम ल्याइएको उनीमाथि मुख्य आरोप छ । प्रतिवादीको दाबी छ, सहकारीको सञ्चालक, सेयरधनी, बचतकर्ता वा कुनै निर्णायक भूमिकामा नरहेको तथा कुनै रकम नलिएको, सहकारीमा संलग्न नरहेको । लामिछाने २०८१ चैत २२ गतेदेखि निरन्तर थुनामा छन् । साउन १३ गते बिगो मागदाबी बराबरको जमानत राखी रिहाइको माग गर्दै जमानत निवेदन दिएका थिए । उनले सहकारी सिद्धान्त अनुसार सहकारी प्राधिकरण, समस्याग्रस्त सहकारी र तहगत सहकारी संरचनामा मुद्दा नहुनु र बचतकर्तासँग सम्झौता गर्ने आधार नहुनुले मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा ६८ र ७१ जाने एक मात्र मार्ग प्रयोग भएको हो । तर अदालतले उनको जमानत स्वीकार गरेन र पुर्पक्षका लागि रुपन्देही कारागारमै राख्ने आदेश दियो । जमानत निवेदनमाथि सुनुवाइ हुन पनि अदालत आफैंमा निर्णायक नभएको आरोप लागेको छ ।

विभिन्न जिल्लामा अभियोजन, मुद्दालाई 'माकुराको जालो' जस्तै बनाइएका कारण राजनीतिक बिजबाट निस्केको जटिलता हो यो । यस प्रकरणमा मुद्दाहरूको भौगोलिक फैलावट र लामिछानेको निरन्तर थुनाले उनको कानुनी प्रतिरक्षाको अधिकारमा गम्भीर असर पारेको छ । विभिन्न जिल्लामा मुद्दा विचाराधीन रहनु र उनलाई रुपन्देही कारागारमा राखिनुले कानुनी प्रक्रियालाई जटिल र अव्यावहारिक बनाएको छ । थुनामा रहेको व्यक्तिले फरक-फरक क्षेत्राधिकारका मुद्दाहरूको सामना गर्नुपर्दा कानुनी परामर्श, प्रमाण संकलन र प्रतिरक्षा रणनीति निर्माणमा ठूलो बाधा उत्पन्न हुन्छ । यो अवस्थाले कानुनी प्रक्रियालाई प्रतिवादीलाई थर्काउने र कमजोर बनाउने रणनीतिक राजनीतिक उपकरणका रूपमा प्रयोग गरिएको हो कि भन्ने आशंका जन्माउँछ । जसले कानुनी प्रणालीको निष्पक्षतामाथि नै प्रश्न चिह्न खडा गरेको छ । यो प्राकृतिक न्यायमाथिको ठाडो प्रहार हो । जमानत निवेदनको थुनाको आदेश भएको अस्वाभाविक कानुनी प्रणालीको प्रभावकारिता र व्यक्तिगत स्वतन्त्रताको सम्मानमाथि प्रश्न उठाएको छ । पुर्पक्षका लागि थुनामा रहेका व्यक्तिको जमानत सम्बन्धी निवेदनमाथि एकै आदेश दिनु न्यायिक प्रक्रियाको आधारभूत सिद्धान्त हो । निवेदनमाथि प्रतिवादीको थुनामुक्त हुने मौलिक अधिकारको हनन् भएको छ ।

यसले जमानत प्रणालीको प्रभावकारि तामाथि नै प्रश्न उठाउँछ, जहाँ कानुनले तोकेका प्रक्रियाहरूले व्यक्तिगत स्वतन्त्रताको रक्षा गर्न न्यायलयले सकेका छैनन् । यस्तो ढिलाइले पुर्पक्षीय थुनालाई निवारक उपायको सट्टा अप्रत्यक्ष दण्डका रूपमा प्रयोग गरिएको आशंकालाई प्रतिशोधको अर्को लप्काको आशंका उब्जाउँछ ।

**सहकारी ठगी कसुरको कानुनी विश्लेषण र सर्वोच्चको नजिर**

रवि लामिछानेमाथि लगाइएको सहकारी ठगी सम्बन्धी कसुरको सन्दर्भमा प्रचलित कानुन र सर्वोच्च अदालतको स्थापित नजिरको गम्भीर विश्लेषण गरेर हेरौं । यस प्रकरणमा कारबाहीको कठोरतामाथि प्रश्न उठाउने मुख्य आधार सहकारी ऐन, २०७४ को दफा १३१(क) र उपदफा (३) मा व्यवस्था गरिएको मेलमिलापको सिद्धान्त हो, जसलाई सर्वोच्च अदालतले समेत मान्यता दिएको छ । तर यसको उपयोग रवि लामिछानेको हकमा कुनै आधार छैन, किनकि उनको कम्पनीले ऋणको रुपमा जनताको बचत ल्यायो भन्ने आरोप छ । जो कम्पनीको १५ प्रतिशत सेयर होल्डर हुन् र उनको कसुर चाहिँ अरुले ल्याएको पैसाबाट तलबसहित खर्च गरेको भन्ने आरोप छ । सहकारीका विषयमा रवि लामिछानेको कुनै संलग्नता छैन भन्ने संसदीय छानबिन समितिको रिपोर्ट र समितिका सदस्यहरुको अन्तर्वार्ताबाट बुझ्न सकिन्छ ।

**सहकारी ऐन, २०७४ को दफा १३१(क) र उपदफा (३) को व्याख्या र उद्देश्य**

सहकारी ऐन, २०७४ को दफा १३१(क) ले सहकारी ठगीसम्बन्धी फौजदारी कसुरमा मेलमिलापका लागि स्पष्ट कानुनी आधार प्रदान गर्छ । यसअनुसार, बचतकर्ताको रकम हिनामिना वा ठगी गरिएको मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा बचत रकम फिर्ता गरिएमा मिलापत्र हुनसक्ने व्यवस्था छ । यो प्रावधानले बचतकर्ताको रकम फिर्ता भएमा कानुनी प्रक्रियालाई मेलमिलापमा टुंग्याउन सकिने स्पष्ट मार्गनिर्देश गर्छ । तर यो कानुनी व्यवस्थाले रवि लामिछानेको मुद्दामा यो दफा मेल खाँदैन ।

सोही दफाको उपदफा (३) ले मिलापत्रको दूरगामी प्रभावलाई अझ स्पष्ट पार्छ । यसअनुसार मिलापत्र फैसला कार्यान्वयनको चरणमा समेत हुनसक्छ । सबैभन्दा महत्त्वपूर्ण, मिलापत्र भएको खण्डमा प्रतिवादीलाई लागेको दण्ड, जरिवाना र बिगो तिर्नु-बुझाउनु पर्दैन र कैदमा रहेको भए कैदको लगत समेत कट्टा हुने व्यवस्था छ । यसले कानुनको मुख्य उद्देश्य प्रतिशोधपूर्ण दण्ड दिनु नभई बचतकर्ताको बचत सुनिश्चित गर्नु हो भन्ने स्पष्ट पार्छ । यो कानुनी प्रावधानले फौजदारी न्यायमा दण्डात्मक भन्दा उपचारात्मक न्यायको सिद्धान्तलाई प्राथमिकता दिएको देखिन्छ । तर अभियोजन पक्षबाट कानुनको दृष्टिकोणलाई पूर्णत: बेवास्ता गरिएको छ ।

सहकारी ऐन, २०७४ को दफा १३१(क) र (३) का मुख्य प्रावधानहरूबारे चर्चा गरौं । दफा १३१(क)ले बचतकर्ताको रकम फिर्ता भएमा वा फिर्ता गर्ने निवेदन दिएमा सहकारी ठगीको फौजदारी मुद्दामा मिलापत्र गर्न सकिने भन्छ । बचतकर्ताको बचत रकमको सुरक्षा सुनिश्चित गर्नु उद्देश्य भन्छ । दफा १३१(३) मिलापत्र फैसला कार्यान्वयनको चरणमा समेत गर्न सकिने उल्लेख छ । मिलापत्र भएमा दण्ड, जरिवाना, बिगो र कैदको लगत समेत कट्टा हुने, प्रतिशोधपूर्ण दण्डको सट्टा विवाद समाधान र क्षतिपूर्तिमा जोड दिनुपर्ने व्यवस्था छ ।

**मेलमिलापको सिद्धान्त र वर्तमान प्रकरणमा यसको सान्दर्भिकता**

रवि लामिछानेले गत साउन १३ गते नै आफ्नो भागको बिगो बुझाएर रिहाइ पाऊँ भनी बैंक जमानतसहित निवेदन दिनु सहकारी ऐनको दफा १३१(क) को भावना र अक्षर दुवैसँग मेल खान्छ । यस्तो स्पष्ट कानुनी प्रावधान हुँदाहुँदै र प्रतिवादी स्वयंले मेलमिलापको पहल गर्दा पनि उनको निवेदनमाथि सुनुवाइमा निरन्तर कठोरतापूर्वक थुनामा राख्नुले कानुनको उचित प्रयोगमाथि गम्भीर प्रश्न उठ्छ । यदि कानुनले पीडितको क्षतिपूर्ति र विवाद समाधानको स्पष्ट मार्ग दिएको छ भने राज्य किन कठोर र दण्डात्मक बाटोमा अग्रसर छ भन्ने विषय विचारणीय छ । यसले कानुनको मर्म र कार्यान्वयनबिचको खाडल देखाउँछ । सहकारी ऐनका यी प्रावधानहरूले आर्थिक अपराधमा पीडितको क्षतिपूर्ति र विवाद समाधानलाई प्राथमिकता दिएका छन्, जुन आधुनिक न्याय प्रणालीको उपचारात्मक दृष्टिकोणसँग मेल खान्छ । तर यस प्रकरणमा अभियोजन पक्षको कार्यशैलीले दण्डात्मक न्यायको परम्परागत ढाँचालाई नै निरन्तरता दिएको देखिन्छ, जसले कानुनको विशिष्ट उद्देश्यलाई नजरअन्दाज गरेको छ ।

**आपराधिक नियतको अभाव र फौजदारी कसुरको प्रकृति**

कानुनी रूपमा सहकारीसम्बन्धी ऐन-कानुनहरु विशुद्ध फौजदारी कानुन होइनन् । ऋण लिनु, तिर्न नसक्नु वा वित्तीय अपचलन हुनु स्वत: ठगी हुँदैन । ठगी स्थापित हुनका लागि अन्य तत्त्वका साथै स्पष्ट आपराधिक नियत र सोहीअनुरूपको कार्य प्रमाणित हुनुपर्छ । आपराधिक नियतको अभावमा कुनै पनि कार्यलाई फौजदारी ठगी मान्न सकिँदैन । यस प्रकरणमा लामिछानेले ठगी नै गरेको भए पनि त्यसको प्रामाणिक आधार अहिलेसम्म पेस हुन नसकेको छानबिन समितिको प्रतिवेदनमा छ । यदि अभियोजन पक्षले स्पष्ट आपराधिक नियत र त्यसको कार्यान्वयनको प्रत्यक्ष प्रमाण पेस गर्न सक्दैन भने यसलाई फौजदारी ठगीको गम्भीर कसुर मानेर कठोर कारबाही गर्नु कानुनी सिद्धान्त विपरीत हुन्छ । यसले सामान्य आर्थिक विवादलाई समेत फौजदारीकरण गर्ने खतरनाक प्रवृत्तिलाई प्रोत्साहन गर्छ । जहाँ नागरिकहरू नियामक वा देवानी प्रक्रियाबाट समाधान हुन सक्ने विषयमा समेत कठोर फौजदारी कारबाहीको जोखिममा पर्न थालेका छन् ।

**संगठित अपराधको आरोपमाथि गम्भीर प्रश्न**

रवि लामिछानेमाथि सहकारी ठगीका साथै संगठित अपराधको पनि मुद्दा टाँसिएको छ । तर यस आरोपको कानुनी आधार र औचित्यमाथि गम्भीर प्रश्नहरू उठेका छन् । संगठित अपराधको आरोपले मुद्दाको गाम्भीर्य, जमानतको प्रावधान र दण्डको मात्रामा प्रत्यक्ष प्रभाव पार्ने हुँदा यसको प्रयोग गर्दा अत्यन्तै कमसल विधि हो ।

**संगठित अपराधको कानुनी परिभाषा र प्रमाण अभाव**

कानुनी रूपमा संगठित अपराध हुनका लागि स्पष्ट मापदण्डहरू छन् । केवल केही व्यक्तिले एउटै कसुर गरेको देखिएकै भरमा वा एउटै विषयको सहकारीमा अस्पष्ट रूपमा संलग्नताका आधारमा कुनै अपराध संगठित अपराध हुँदैन । संगठित अपराध निवारण ऐनको सैद्धान्तिक सीमा बाहिर गएर अपराधको व्याख्या गर्ने छुट कसैलाई हुँदैन । लामिछानेको मुद्दामा उनीसँग आपराधिक समूह रहेको वा उनले अपराध गर्न संगठन बनाएको तथ्य स्थापित नभएको प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रहरीले अभियुक्तहरुबिच साझा आपराधिक उद्देश्यका लागि कुनै संरचना बनाएको देखाउन सकेको छैन । संगठित अपराधका सामान्य सूचकहरू जस्तै- मुनाफा बाँडफाँट, हिंसाको प्रयोग वा भ्रष्टाचार यस मुद्दामा कतै देखिँदैन । उपलब्ध तथ्यहरूका आधारमा लामिछानेमाथि संगठित अपराधको आरोप लगाउनु नै त्रुटिपूर्ण देखिन्छ ।

**असंगठित अपराधलाई संगठित अपराध देखाउने प्रवृत्ति र यसको असर**

पछिल्लो समय नेपाल प्रहरी तथा केही सरकारी वकिल कार्यालयहरूले प्रतिवादीलाई थुन्ने नियतले मात्र असंगठित प्रकृतिका अपराधलाई समेत संगठित अपराधको जामा पहिराउने प्रवृत्ति बढेको आरोप लाग्ने गरेको छ । यो प्रवृत्ति समाजमा अत्यन्तै चिन्ताजनक छ । यदि अभियोजन पक्षले लागुऔषध कारोबार, मानव बेचबिखन, जबरजस्ती असुली वा सम्पत्ति शुद्धीकरणजस्ता गम्भीर संगठित अपराधका तत्त्वहरू देखाउन सक्दैन भने यस्तो आरोप लगाउनु शक्तिको दुरुपयोग बाहेक केही होइन ।

यसले कानुनी वर्गीकरणको दुरुपयोग गर्ने एक खतरनाक प्रवृत्तिलाई उजागर गर्छ । प्रमाणले पुष्टि नगर्ने अवस्थामा पनि यस्तो गम्भीर आरोप लगाउँदा अभियोजन पक्षले प्रतिवादीलाई लामो समय थुनामा राख्न र जमानतको अधिकार बाट वञ्चित गर्ने एक शक्तिशाली हतियार मात्रै प्राप्त हुन्छ । यसरी आरोपको गाम्भीर्य प्रमाणको बलमा भन्दा पनि प्रतिवादीलाई थुनामा राख्ने उद्देश्यबाट निर्देशित हुन थाल्छ, जसले नागरिक स्वतन्त्रता र न्यायिक निष्पक्षता माथि समाजलाई गम्भीर प्रहार गर्छ ।

**शक्तिको दुरूपयोग र न्यायिक यात्राको आवश्यकता**

संगठित अपराधको आरोप केवल लामिछानेलाई राजनैतिक प्रतिशोधले थुनामा राख्न लगाइएको हो कि भन्ने आशंकाको आधार बलियो छ । यस्तो अवस्थामा अदालत कठोर हुनुपर्ने आवश्यकता छैन । 'निर्दोष नठहरिएसम्म निर्दोष हुन्छ' भन्ने सिद्धान्त फौजदारी न्यायको आधार हो । तर पर्याप्त प्रमाणको अभावमा गम्भीर आरोपहरू लगाएर पुर्पक्ष थुनामा न्यायलयबाट निरन्तरता दिनुले यस सिद्धान्तलाई नेपाली समाजमा अविश्वासको खाडल बनाउँदैछ । यो व्यवहारले न्याय प्रणालीको निष्पक्षतामा जनविश्वास घटाउँछ र समग्र न्यायिक प्रक्रियाको माथि नै समाजलाई प्रहार गर्छ ।

**पुर्पक्षीय थुनाको औचित्यमाथि प्रश्न र प्रतिरक्षाको अधिकार**

रवि लामिछानेलाई निरन्तर पुर्पक्षका लागि थुनामा राख्ने निर्णयले नेपालको फौजदारी न्याय प्रणालीमा 'प्रि-ट्रायल डिटेन्सन'को सिद्धान्तको प्रयोग र नागरिकको प्रतिरक्षाको संवैधानिक अधिकारमाथि गम्भीर प्रश्नहरू उठाएको छ ।

**प्रत्यक्ष प्रमाणको अभाव र "प्रि-ट्रायल डिटेन्सनको सिद्धान्त**

लामिछानेलाई लामो समयदेखि थुनामा राखिए पनि अभियोजन पक्षले उनीविरुद्ध कुनै प्रत्यक्ष प्रमाण अदालतमा पेस गर्न सकेको छैन । कसैलाई थुनामा राखेर कारबाही गर्न केवल आरोप पर्याप्त हुँदैन । पुर्पक्षीय थुनाको औचित्य स्थापित गर्न ठोस प्रमाण र स्पष्ट आधार आवश्यक हुन्छ, जुन यस प्रकरणमा देखिँदैन । यस विचाराधीन मुद्दामा पनि राजनीतिक नेतृत्व हुनुको नाताले नागरिकहरुले चासो राख्नु स्वाभाविक हो । यसमा बुझ्ने र चासो राख्न पाउने नागरिकहरुको मौलिक हक हुन्छ ।

**फरार हुने वा प्रमाण नष्ट गर्ने सम्भावनाको वस्तुनिष्ठ विश्लेषणको अभाव**

पुर्पक्षीय थुनाको मुख्य आधार प्रतिवादी फरार हुने वा प्रमाण नष्ट गर्ने सम्भावना हो । तर यस प्रकरणमा यी आधार नै कमजोर देखिन्छन् । जब प्रत्यक्ष प्रमाण नै छैन भने लामिछानेले कुन प्रमाण नष्ट गर्न सक्छन् भन्ने प्रश्न अस्वाभाविक छ । उनीविरुद्धका साक्षी को हुन् भन्ने पनि स्पष्ट छैन । जब साक्षी नै स्पष्ट छैनन् भने उनले कसरी साक्षी प्रभावित पार्न सक्छन् ? यो हत्या, आतंकवाद वा राजद्रोह जस्तो गम्भीर प्रकृतिको मुद्दा होइन, जसमा अभियुक्त फरार हुने वा समाजमा थप खतरा पैदा गर्ने जोखिम हुँदैन भने यस्तो मुद्दामा उनी फरार हुनसक्ने कुनै वस्तुनिष्ठ आधार देखिँदैन । यी प्रश्नहरूले पुर्पक्षीय थुनाका लागि आवश्यक आधारभूत मापदण्ड यस प्रकरणमा पूरा नभएको सन्दर्भ सामग्रीहरुले देखाउँछन् ।

जब पुर्पक्षीय थुनाका लागि आवश्यक कानुनी मापदण्डहरू (जस्तै- फरार हुने जोखिम, प्रमाण नष्ट गर्ने सम्भावना) पूरा हुँदैनन् भने व्यक्तिलाई निरन्तर थुनामा राख्नुले यसलाई दण्डका रूपमा प्रयोग गरिएको संकेत गर्छ ।

**कानुनको विभेदपूर्ण प्रयोग र प्रतिरक्षाको संवैधानिक अधिकार**

यस प्रकरणमा रवि लामिछानेविरुद्ध कानुनको विभेदपूर्ण प्रयोग भएको समाजले महसुस गरेको छ । जसले समान परिस्थितिमा रहेका अन्य व्यक्तिहरूलाई सहज बहिर्गमन र तिनीहरुको तुलनामा उनलाई कठोर व्यवहार गरिएको स्पष्ट छ । अन्तिम फैसला नहुन्जेल थुनामुक्त रहेर आफ्नो प्रतिरक्षाको तयारी गर्न पाउनु प्रतिवादीको अधिकार हो । तर लामिछानेलाई काठमाडौंमा बसेर आफ्नो प्रतिरक्षाको तयारी गर्ने अवसर अदालतले सहमति पत्र दिँदा समेत दिइएको छैन । रुपन्देही कारागारको तनावपूर्ण परिस्थितिमा बसेर उनले विभिन्न जिल्लामा फैलिएका मुद्दाहरूको प्रतिरक्षा कसरी गर्न सक्छन् ? यो प्रश्नले थुनामा रहेका व्यक्तिको प्रतिरक्षा अधिकारको व्यावहारिक कार्यान्वयनमा रहेका गम्भीर चुनौतीहरूलाई उजागर गर्छ । यसरी सैद्धान्तिक रूपमा प्रतिरक्षाको अधिकार भए पनि राजनीतिक रूपमा खडा गरिएका अवरोधहरूले कानुनी प्रक्रियाको निष्पक्षता र समानतामाथि नै प्रश्न उठाउँछन् ।


**न्याय प्रणालीमाथि उठेका गम्भीर प्रश्न र राजनीतिक आयाम**

रवि लामिछाने प्रकरणले केवल एक व्यक्तिको कानुनी मुद्दालाई मात्र नभई नेपालको न्याय प्रणालीको समग्र कार्यशैली र यसको राजनीतिक आयाममाथि पनि गम्भीर प्रश्नहरू खडा गरेको छ । यस प्रकरणमा लामिछानेको व्यक्तिगत स्वतन्त्रताको हनन् मात्र नभई न्यायका आधारभूत सिद्धान्तहरूको पनि अवमूल्यन भएको संकेत गर्छ । यस मुद्दालाई 'कृत्रिम वा फेक केस'को रूपमा समेत चित्रण गरिएको छ । यो अवधारणाले अभियोजनको आधारभूत विश्वसनीयता र प्रमाणको सत्यतामाथि नै प्रश्न उठाउँछ ।

*(साभार: रातोपाटी)*

# कागजी घोषणामै थन्किए औद्योगिक क्षेत्र, प्रगति 'जिरो'

काठमाडौं/मुलुकमा 'औद्योगिक क्रान्ति' को डिङ हाँक्दै महत्त्वाकांक्षी लक्ष्यसाथ सरकारले घोषणा गरेका ७ औद्योगिक क्षेत्र वर्षौंदेखि कागजी घोषणा र शिलान्यासमै थन्किएका छन् । सरकारले औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा गरेको एक दशक पुगिसकेको छ । तर, घोषणा अनुसार ठूला औद्योगिक क्षेत्र स्थापना हुनु त परै जाओस्, तिनीहरूको निर्माण प्रक्रिया समेत सुरु हुन सकेको छैन ।



चितवन शक्तिखोरदेखि कञ्चनपुर दैजीसम्म अर्बौं लगानी र हजारौं रोजगारीको सपना बोकेका यी परियोजना वन मन्त्रालयको असहयोग, कर्मचारीतन्त्रको ढिलासुस्ती र स्थानीय विवादका कारण अलपत्र परेका हुन् ।

चितवन शक्तिखोरदेखि कञ्चनपुर दैजीसम्म अर्बौं लगानी र हजारौं रोजगारीको सपना बोकेका यी परियोजना वन मन्त्रालयको असहयोग, कर्मचारीतन्त्रको ढिलासुस्ती र स्थानीय विवादका कारण अलपत्र परेका हुन् । १ चैत २०७२ को मन्त्रिपरिषद् बैठकले दमकसहित मकवानपुर मयूरधाप, रुपन्देही मोतीपुर, बाँके नौबस्ता र कञ्चनपुर दैजीमा औद्योगिक क्षेत्र स्थापनाको घोषणा गरेको थियो । समग्रमा, सरकारले औद्योगिक विकासका लागि सात वटा नयाँ क्षेत्र घोषणा गरे पनि प्रशासनिक निकायबीच समन्वय अभाव, स्पष्ट नीतिको कमी र निर्णय प्रक्रियामा हुने ढिलासुस्तीले गर्दा महत्त्वाकांक्षी योजना कागजमै सीमित हुने जोखिम बढेको छ ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक पदम ओली राजनीतिक, आर्थिक, वन तथा वातावरण, स्थानीय अवरोध लगायत कारण औद्योगिक क्षेत्र निर्माणलाई गति दिन नसकिएको बताउँछन् ।

चितवन शक्तिखोरमा औद्योगिक क्षेत्र बनाउने घोषणा गरेको ९ वर्ष बितिसकेको छ । नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री रहेका बेला ३ फागुन २०७३ को मन्त्रिपरिषद् बैठकले शक्तिखोरलाई औद्योगिक क्षेत्र बनाउने निर्णय गरेको थियो । सरकारले विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) तयार पारेर स्वीकृत गराइ परियोजना अगाडि बढाउने जिम्मेवारी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई दिएको थियो ।

शक्तिखोरमा १ हजार ७ सय ४१ बिघा क्षेत्रफलमा स्थापना गर्ने भनिएको औद्योगिक क्षेत्रको फाइल वन निर्देशनालयको एउटा टिप्पणीका कारण २०७७ सालदेखि रोकिएको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक ओलीका अनुसार डीपीआर र वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) स्वीकृत भइसकेपछि रुख कटानको लागत अनुमान स्वीकृतिका लागि डिभिजन वन कार्यालय चितवन हुँदै फाइल बागमती प्रदेशको वन निर्देशनालय पुगेको थियो । तर, निर्देशनालयले फाइल सदर गर्नुको सट्टा उल्टै नकारात्मक टिप्पणी लेख्दै प्रक्रिया रोकिदियो ।

'संघीय सरकारले अगाडि बढाउन चाहेको औद्योगिक क्षेत्रको काम बागमती प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वन निर्देशनालयको ७ माघ २०७७ को पत्रले रोकिदिएको अवस्था छ,' ओलीले भने । प्रस्तावित आद्यौगिक क्षेत्रमा २ लाख ५० हजार रुख कटानको लागत तयार गर्न डिभिजन वन कार्यालय भरतपुरले २४ पुस २०७७ मा लेखेको पत्रको जवाफमा निर्देशनालयले 'सो क्षेत्र संरक्षण र वन्यजन्तु लगायत जैविक विविधताका लागि अति नै संवेदनशील बासस्थान, करिडोर र वैदिक महत्त्वको पर्यटकीय क्षेत्र भएकाले अन्य संरचना बनाउन पर्यावरणीय हिसाबले सर्वथा अस्वीकार्य भएको' उल्लेख छ ।

उक्त पत्रपछि फाइल अगाडि बढ्न सकेको छैन । ५ वर्ष अवधिमा साना रुख पनि ठूला भइसकेका छन्, जसले गर्दा अब यो परियोजना अघि बढाउन झनै कठिन देखिएको छ । सरकारी कार्यालयहरूबीच नै समन्वय नहुँदा यो औद्योगिक क्षेत्र बनाउने काम अगाडि बढ्न नसकेको हो ।

**मोतीपुर औद्योगिक क्षेत्र : घोषणासागै घर र खोला पनि उपहार**

सरकारले १ चैत २०७२ मा रुपन्देही मोतीपुरमा औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा गरेको थियोरु। घोषणा अनुसार धनीपुर्जा प्राप्त ८ सय १३ बिघा र पुर्जा प्राप्त नभएको १३३.४६ बिघा गरी ९४६.४६ बिघा (६ सय ४१ हेक्टर) को डीपीआर बनाइएको थियो ।

सोही डीपीआर अनुसार बनाउने गरी २१ फागुन २०७७ मा तत्कालीन अर्थमन्त्री एवं एमाले नेता विष्णु पौडेल र तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले संयुक्त रूपमा औद्योगिक क्षेत्र शिलान्यास गरेका थिए । तर, सरकारले औद्योगिक क्षेत्र घोषणा गरेको जग्गामा वर्षौंदेखि जोतभोग भएको स्थानीयको खेत, बस्ती, विद्यालय, मठमन्दिर र वन क्षेत्र गरी करिब साढे २ सय बिघासमेत परेको थियो । बस्ती र जोतभोगको जग्गासमेत औद्योगिक क्षेत्रमा पारिएको भन्दै स्थानीयवासिन्दा विरोधमा उत्रिएर काम अघि बढाउन दिएका थिएनन् । स्थानीयले ढुंगामुढा गर्दा शिलान्यास कार्यक्रम नै तनावग्रस्त भएको थियो ।

जोतभोग र बस्ती भएको जग्गामा औद्योगिक क्षेत्र बन्न नदिने भन्दै स्थानीयको आन्दोलन र अवरोधका कारण शिलान्याश भएको पाँच वर्ष र घोषणा भएको १० वर्षसम्म काम अघि नबढेर परियोजना अलपत्र परेपछि धनीपुर्जा प्राप्त ८ सय १३ बिघाको सबै जग्गामा औद्योगिक क्षेत्र बनाउन नसकिने निष्कर्षमा सरकार पुगेको छ । २०७३ सालमा जग्गा प्राप्ति भए पनि पूर्ववत् बसोबास र संरचनाका कारण निर्माण अघि बढ्न सकेको छैन । शिलान्यास भइसकेको यो परियोजनामा अहिले विवाद समाधानका लागि करिब २ सय ५० बिघाको सानो क्षेत्रमा काम सुरु गर्ने प्रयास भइरहेको महाप्रबन्धक ओलीले बताए । तर, अझै ईआईएको काम अघि बढेको छैन ।

**मयूरधाप औद्योगिक क्षेत्र : कहिले वन, कहिले रेलमार्ग समस्या**

हेटौंडाको मयूरधाप औद्योगिक क्षेत्रको कथा पनि उस्तै छ । १ चैत २०७२ मा स्थापना भएको मयूरधाप औद्योगिक क्षेत्रको जग्गामा तारबार लगाउनेभन्दा अरू उल्लेख्य प्रगति हुन सकेको छैन । मयूरधाप औद्योगिक क्षेत्र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकालमा स्थापना गर्ने निर्णय र उनकै दोस्रो कार्यकालमा शिलान्यास गरिएको थियो । शिलान्यास गरेको ४ वर्ष बितिसक्दा कुनै काम हुन सकेको छैन । १४ फागुन २०७७ मा उद्योगमन्त्री लेखराज भट्टले उक्त औद्योगिक क्षेत्र शिलान्यास गरेका थिए ।

१४ असार २०७३ मै भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त जग्गाधनी प्रमाण पुर्जा र कित्ताकाट स्रेस्ता अनुसार १ सय ९९ बिघा १७ कठ्ठा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका नाममा कायम भएको थियो । पछि उक्त जग्गा पर्सा राष्ट्रिय निकुञ्जको बफर जोनमा परेको भन्दै पुर्जा खारेज गरियो । औद्योगिक क्षेत्रको दक्षिणतर्फको क्षेत्रफल बफर जोनमा परेका कारण निकुञ्ज, निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको राय-सुझावमा औद्योगिक क्षेत्रको ईआईए वन मन्त्रालयबाट बाहिर निस्कन सकेको छैन ।

२८ असार २०७८ मा उद्योग मन्त्रालयमा औद्योगिक क्षेत्रको ईआईए पेस गरिएको थियो । १३ साउन २०७८ मा उद्योग मन्त्रालयले ईआईए स्वीकृतिका लागि वन मन्त्रालय पठाए पनि हालसम्म फाइल मन्त्रालयमै थन्किएको छ । हेटौंडा उपमहानगरपालिका-१४ मयूरधापस्थित सार्वजनिक जग्गामा आद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले संरक्षणका लागि तारबार लगाएको जग्गा नै औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका नाममा नभई वन क्षेत्र कायम छ ।

६२ प्लट रहने यसको लागत ७ अर्ब २ करोड रुपैयाँ अनुमान गरिएको थियो । परियोजनाको डीपीआर बनेर ईआईए स्वीकृत हुन बाँकी रहेको हो । औद्योगिक क्षेत्र स्थापनापछि १० हजारले प्रत्यक्ष, अप्रत्यक्ष रोजगारी पाउने विश्वास गरिएको वर्षौंदेखि अलपत्र मयूरधाप औद्योगिक निर्माण हुने संकेत अझै देखिँदैन । आजसम्म कुनै प्रगति छैन । यसैबीच प्रस्तावित पूर्व-पश्चिम रेलमार्गको लाइन समेत यही क्षेत्रमा पर्ने देखिएपछि परियोजना थप जटिल बनेको छ । रेल विभागले औद्योगिक क्षेत्र नै सार्न सहज हुने तर रेलमार्ग सार्न नसकिने जनाएको छ ।

**दैजी औद्योगिक क्षेत्र : घट्दै गयो क्षेत्रफल**

१ चैत २०७२ मा कञ्चनपुर दैजी छेलामा मन्त्रिपरिषद् निर्णय अनुसार औद्योगिक क्षेत्र निर्माण घोषणा गरिएको थियोरु। करिब ३ सय ५५ बिघा क्षेत्रफलमा बन्ने दैजी औद्योगिक क्षेत्रको डिपिआर र ईआईए प्रतिवेदन स्वीकृत भइसकेको छ । सुरुमा ३ सय ५४ हेक्टरमा घोषणा भएकोमा डीपीआरमा २ सय ४० हेक्टर र ईआईए स्वीकृत हुँदासम्म १ सय ३६ हेक्टरमा सीमित भएको महाप्रबन्धक ओली बताउँछन् ।

ईआईए प्रतिवेदनमा २५ हजार रुख रहेको उल्लेख भए पनि फिल्डमा गन्दा ५५ हजार भेटिएपछि वन मन्त्रालयले यति धेरै रुख काट्न अनुमति दिन नसकिने भन्दै प्रक्रिया रोकेको थियो । पछि २५ हजार रुख पर्ने गरी मात्रै १ सय ३६ हेक्टर क्षेत्रफलको वन क्षेत्र प्रयोग गर्ने गरी प्रक्रिया अघि बढे पनि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको पत्र नभेटिएको भन्दै वन मन्त्रालयले फेरि फाइल रोकेको छ । राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको पत्र २०७४ सालमै पठाइएको थियो ।

**नौबस्ता औद्योगिक क्षेत्र : विवाद र अतिक्रमण चपेटा**

३ सय ३८ बिघा क्षेत्रफलमा फैलिएको बाँकेको नौबस्ता औद्योगिक क्षेत्र निर्माण सुरु गर्ने घोषणा गरेको ९ वर्ष पूरा भइसकेको छ । निर्माण घोषणाको ५ वर्षपछि शिलान्यास गरिएको उक्त औद्योगिक क्षेत्रको ९ वर्षपछि बल्ल तारबारसँगै सडक निर्माण भएको छ । सरकारले २०७२ सालमा नौबस्तामा औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा गरेर प्रक्रिया अगाडि बढाएको थियो । तर, ९ वर्षपछि मात्र औद्योगिक क्षेत्रको सीमा क्षेत्र अतिक्रमण गरेर बनाएका घरटहरा भत्काइएको छ भने करिब ३ किलोमिटर तारबार र सडक निर्माणको पहिलो चरणको काम सम्पन्न भएको छ ।

घोषणा हुँदा करिब २ सय ५० घरधुरी अतिक्रमण रहेकोमा हाल ४ सय ५० पुगेको छ । विवादबीच चैत २०८१ मा ५५.६ बिघा क्षेत्रफलमा रहेको बस्ती छुट्याएर बाँकी रहेको करिब २ सय ५० बिघामा तारबार गरी काम अघि बढाउने प्रयास भएको छ । औद्योगिक क्षेत्र निर्माण गर्ने भनेर छुट्याइएको जग्गामा सुकुमबासीले अतिक्रमण गरेर बनाएका घरटहरा हटाउन नसक्दा औद्योगिक क्षेत्र निर्माणको काम अगाडि बढ्न नसकेको हो । पटक-पटकको सर्वपक्षीय बैठकपछि सुकुमबासीका लागि औद्योगिक क्षेत्रकै जग्गाबाट छुट्याएर ५५ बिघा जग्गा दिने सहमति भएपछि निर्माणस्थलमा रहेका घरटहरा हटाएर बाटो निर्माण गरिएको हो । यो नै यस औद्योगिक क्षेत्रमा देखिएको प्रगति हो ।

यसअघि ११ फागुन २०७७ मा तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले सुकुमबासीहरूको विरोध र नाराबाजीबीच ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेर औद्योगिक क्षेत्र शिलान्यास गरेका थिए । त्यसको केही समयपछि सरकार परिवर्तन भएसँगै निर्माण कार्य रोकिएको थियो ।

**लक्ष्मीपुर औद्योगिक क्षेत्र : छ योजना, छैन प्रगति**

११ माघ २०७७ मा बसेको मन्त्रिपरिषद् बैठकले दाङमा औद्योगिक क्षेत्र घोषणा गरेको थियो । दाङ लक्ष्मीपुरमा ५ सय ४९ बिघामा औद्योगिक क्षेत्र बनाउने घोषणा गरिए पनि आजका दिनसम्म काम अगाडि बढ्न सकेको छैन । लक्ष्मीपुर औद्योगिक क्षेत्र निर्माण घोषणा 'अन्दाधुन्द पारामा' भएको महाप्रबन्धक ओलीको भनाइ छ ।

उनका अनुसार क्षेत्रफल कति हो, चार किल्ला कुन हो भन्ने कुनै यकिन नै थिएन । उक्त औद्योगिक क्षेत्रको चार किल्ला यकिन गरी डीपीआर र ईआईएका लागि २ साताअघि मात्रै सूचना निकालिएको छ । तर, सम्पूर्ण जग्गा वन क्षेत्रमा पर्ने भएकाले यसको भविष्य पनि अन्योलमै रहेको महाप्रबन्धक ओली बताउँछन् ।

**दमक औद्योगिक क्षेत्र : लगानी बोर्डको अनिर्णयले अलपत्र**

सरकारले ठूलो तामझाम साथ सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार निर्माण तथा सञ्चालन हुने गरी झापा दमकमा ठूलो औद्योगिक क्षेत्र निर्माण घोषणा गरेको थियो । घोषणा भएको पनि दशक पुगिसकेको छ । असोज २०७५ को मन्त्रिपरिषद्ले 'बुट' (निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण) मोडेलमा 'नेपाल-चीन मैत्री औद्योगिक पार्क' निर्माण गर्ने निर्णय गरेको थियो । यो परियोजनाको लगानी समेत स्वीकृत भइसकेको छ ।

१७ साउन २०७६ मा लगानी बोर्ड बैठकले उक्त परियोजना निर्माणका लागि ५८ करोड ६१ लाख अमेरिकी डलर (८२ अर्ब ५ करोड ४० लाख रुपैयाँ) बराबर लगानी स्वीकृति गरेको थियो । १६ फागुन २०७७ मा शिलान्यास भएको उक्त औद्योगिक क्षेत्र ल्हासा इकोनोमिक एन्ड टेक्नोलोजी डेभलपमेन्ट जोन, जिङपिङ ज्वाइन्ट क्रिएसन कन्स्ट्रक्सन प्रोजेक्ट डेभलपमेन्ट कम्पनी लिमिटेड र दमक क्लिन इन्डस्ट्रियल पार्कको संयुक्त लगानीमा निर्माण हुने भनिएको थियो ।

यो औद्योगिक क्षेत्र लगानी बोर्डको प्रशासनिक ढिलासुस्ती र अनिर्णयका कारण अलपत्र परेको महाप्रबन्धक ओली बताउँछन् । उनका अनुसार ६४ अर्ब रुपैयाँभन्दा बढीको चिनियाँ लगानी स्वीकृत भए पनि परियोजना विकास सम्झौता (पीडीए) हुन नसक्दा निर्माण कार्य पूर्णरूपमा रोकिएको छ । लगानी बोर्ड र चिनियाँ विकासकर्ता कम्पनीबीचको प्रशासनिक उल्झनले परियोजनाको भविष्य नै अनिश्चित बनेको हो । 'लगानी बोर्ड हामीलाई पहिले जग्गाको भाडा सम्झौता गर्न दबाब दिन्छ, तर विकासकर्ता कम्पनीले लगानीको सुरक्षा सुनिश्चित गर्ने पीडीएविना सम्झौता गर्न मानिरहेको छैन,' उनले भने, 'हामी दुई निकायको चेपुवामा परेका छौं र बाहिर जनताको गाली हामीले खानुपरेको छ ।'

**के हो विवादको जड ?**

लगानी बोर्डले पीडीए गर्नुअघि विकासकर्तासँग जग्गाको भाडा सम्झौता हुनुपर्ने अडान राखेको छ । तर, विकासकर्ताले पीडीएविना अर्बौं लगानी गर्नु जोखिमपूर्ण हुने भन्दै भाडा सम्झौता गर्न अस्वीकार गरेको छ । 'भोलि हामीले जग्गाको भाडा तिर्न थाल्यौं तर पीडीए भएन भने हाम्रो लगानी डुब्छ भन्ने उनीहरूको जायज चिन्ता हो,' उनले थपे । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले बारम्बार पत्राचार गर्दा पनि लगानी बोर्डले स्पष्ट जवाफ नदिएको उनको गुनासो छ ।

'हामीले बोर्डलाई 'कि तपाईंहरू पीडीए गर्नुस्, नभए हामी यो परियोजना फिर्ता लिएर अर्को विकासकर्ता खोज्छौं, भनिसकेका छौं,' महाप्रबन्धक ओलीले भने, 'तर, बोर्डबाट चीन संलग्न छ भन्नेबाहेक कुनै ठोस जवाफ आउँदैन ।' दमक औद्योगिक क्षेत्रका लागि २ हजार १ सय बिघा जग्गा घोषणा गरिएको थियो, जसमध्ये करिब १ हजार ७ सय बिघा जग्गा लिमिटेडको नाममा आइसकेको छ । तर, त्यसमध्ये पनि केवल १ हजार ३ सय ३३ बिघा जग्गा मात्रै विवादरहित छ । बाँकी जग्गामा मुआब्जा विवाद र दोहोरो पुर्जाजस्ता समस्या छन् र केही मुद्दा अदालतमा विचाराधीन छन् ।

स्थानीय स्तरमा पनि यसको गहिरो असर परेको छ । लिमिटेडका अनुसार रोजगारी र विकासको आशमा आफ्नो सानो घडेरीसमेत दिएका स्थानीयहरू आज निराश छन् । समग्रमा, सरकारको ठूलो तामझाम र घोषणा हुँदाहुँदै अधिकांश औद्योगिक क्षेत्र कार्यान्वयन तहमा पुग्न सकेका छैनन् । मन्त्रालयहरूबीचको समन्वय अभाव, अस्पष्ट नीति र स्थानीय विवाद समाधानमा देखिएको उदासीनताले औद्योगिक विकासको राष्ट्रिय लक्ष्यमाथि नै प्रश्नचिह्न खडा गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# काम गर्दा लाग्ने रोगलाई सरकारले दियो कानुनी मान्यता

काठमाडौं/सरकारले पहिलो पटक कामको सिलसिलामा लाग्ने विभिन्न रोगहरूलाई 'व्यवसाय जन्य रोग' को कानुनी मान्यता दिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम नियमावली, २०७५ अनुसार यी रोगहरूको सूची राजपत्रमा प्रकाशित गरेको हो ।

यो निर्णयले कार्यस्थलको धुलो, रसायन, कोलाहल वा कामको प्रकृतिका कारण श्रमिकमा देखिने स्वास्थ्य समस्यालाई व्यक्तिगत समस्याको रूपमा नभई कानुनी रूपमा सम्बोधन गरेको छ । यसले लाखौं श्रमिकको स्वास्थ्य अधिकार सुरक्षित गर्न र रोजगारदातालाई आफ्नो कार्यस्थल सुरक्षित बनाउन थप जिम्मेवार बनाउनेछ । सरकारले मान्यता दिएका व्यवसायजन्य रोगहरूलाई विभिन्न आठ श्रेणीमा विभाजन गरिएको छ । कार्य गतिविधिहरूबाट उत्पन्न हुने एजेन्टहरूको सम्पर्कको कारण हुने व्यवसायजन्य रोगहरूमा रासायनिक एजेन्टहरूको कारण हुने रोगहरू, भौतिक एजेन्टहरूको कारण हुने रोगहरू, जैविक एजेन्टका कारण हुने संङ्क्राकम वा परजीवी रोगहरू रहेका छन् ।

जसमा क्रोमियम, लिड (सिसा), पारा (मर्करी), बेन्जिन, श्वासप्रश्वासमा अवरोध गर्ने ग्यास, सल्फर अक्साइड, जिंक, अर्गानिक सोल्भेन्ट्स, क्लोरीन र अन्य फार्मास्युटिकल एजेन्टहरूबाट हुने रोगहरू रहेका छन् । त्यस्तै भौतिक कारणले हुने रोगहरूमा श्रवण शक्ति ह्रास, विकिरणको असर, अत्यधिक तापक्रममा काम गर्दा हुने स्वास्थ्य समस्या रहेका छन् । जैविक तत्वबाट हुने संक्रामक रोगमा हेपाटाइटिस बी, सी र एचआईभी, ब्रुसेलोसिस र एन्थ्रेक्स, टिटानस, क्षयरोग र लेप्टोस्पाइरोसिस जस्ता खिया लागेका औजार प्रयोग हुने, जुनसुकै कार्यस्थल र पशुको मूत्रबाट सर्न सक्ने रोगहरू रहेका छन् ।

# रेखा र पूजालाई लिएर सविरले 'छत्तिसको आँकडा' बनाउने




काठमाडौं/अभिनेत्री द्वय रेखा थापा र पूजा शर्मा 'उपहार'पछि एकपटक फेरि फिल्ममा देखिने तयारीमा छन् । उनीहरुले कहिले 'काली २' त कहिले नयाँ एक्सन फिल्ममा काम गर्ने चर्चा चलेको भए पनि अब भने फिल्मको नाम यकिन भएको छ । 'छत्तिसको आँकडा' नामको फिल्ममा उनीहरुले सहकार्य गर्न लागेका हुन् । यसलाई 'कस्ले चोऱ्यो मेरो मन'का निर्देशक सविर श्रेष्ठले निर्देशन गर्नेछन् ।

यही शनिबार श्रीकृष्ण जन्माष्टमीको अवसरमा फिल्मको शुभ-मुहूर्त गरेर छायांकन सुरू गरिने निर्देशक श्रेष्ठले जानकारी दिए । फिल्मले दुश्मनजस्तै रहेका दिदी-बहिनीको कथा भन्नेछ । यसको खुलासा पूजा स्वयंले गरेकी हुन् । पशुपतिमा चलिरहेको महायज्ञमा सोमबार सहभागी हुने क्रममा उनले फिल्मको कथावस्तुबारे जानकारी गराउँदै आफ्नो भूमिका रमाइलो रहेको बताइन् ।

'यसको कथावस्तु एकदमै राम्रो छ । दिदी-बहिनीको बाजाबाज, लफडाहरु एकदमै रमाइलो छ,' उनले भनेकी छन्, 'मलाई कमेडी भूमिका खासै सुहाउँदैन भन्ने लाग्थ्यो । तर, 'उपहार'मा दर्शकले मलाई कमेडी भूमिकामा एकदमै रुचाइदिनुभयो । 'छत्तिसको आँकडा' पनि मेरो चरित्र बेग्लै किसिमको छ ।' उनले फिल्म आगामी चैत २८ गतेदेखि प्रदर्शनमा आउने घोषणा समेत गरेकी छन् ।

निर्देशक श्रेष्ठको कम्पनी काइट्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुने फिल्ममा रेखा र पूजासँगै अभिनेता महेश त्रिपाठीको पनि अभिनय रहनेछ । 'छत्तिसको आँकडा'पछि रेखाले महेशसँग अर्को फिल्म 'क का कि की'मा पनि काम गर्दैछिन् । बाबुराम निरौला र शिवम् अधिकारीको संयुक्त लेखन रहेको फिल्मको सम्पूर्ण छायांकन काठमाडौं आसपासमा हुने निर्देशक श्रेष्ठले जानकारी दिए ।

# 'सारङ्गी'का विजयको 'जनै हराएको मान्छे' कस्तो चल्ला ?

काठमाडौं/कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'ले अभिनेता विजय बरालको करिअर नै कायापलट गऱ्यो । यसअघि सहायक भूमिकामा सीमित भएका उनलाई 'सारङ्गी'को व्यावसायिक सफलतापछि मुख्य भूमिकामा फिल्म अफरको ओइरो लागेको छ । उनको पारिश्रमिक नै झन्डै चार गुणाले बढेको छ । अहिले उनी महंगो पारिश्रमिक बुझ्ने नेपाली अभिनेताको 'टपटेन' सूचीभित्र अटाउँछन् ।



उनै विजयले 'सारङ्गी' पछि मुख्य भूमिकामा अभिनय गरेको नयाँ फिल्म 'जनै हराएको मान्छे' आगामी भदौ ६ गतेदेखि प्रदर्शनमा आउँदैछ । उनी जोडिएकै कारण यो फिल्मको बक्स अफिस नतिजा कस्तो होला भन्ने चासो धेरैमा छ । उनको स्टारडमको मापन यही फिल्मबाट हुने विश्लेषण पनि भैरहेको छ । यसैले उनलाई 'सारङ्गी'को बेलाभन्दा यसपटक व्यावसायिक दबाब बढी देखिन्छ ।

तर, विजय बक्स अफिसको दबाब लिएर आफू नबसेको बताउँछन् । उनी भन्छन्, 'फेरि पनि आफ्नो फिल्मले बक्स अफिसमा 'पूर्ण बहादुरको सारङ्गी'को जस्तै अंक जोडोस् भन्ने चाहना त हुन्छ । तर, नतिजा के हुन्छ भन्ने कुरा हाम्रो हातमा हुँदैन । मैले 'सारङ्गी'को बक्स अफिस अंकको दबाब बोकेर हिँडेको छैन । यद्यपि, मप्रति दर्शकको अपेक्षालाई पूरा गर्न काममा चाहिँ मेहनत गरिएको छ ।'

हिमाल न्यौपानेले निर्देशनमा बनेको 'जनै हराएको मान्छे'मा विजयसहित केकी अधिकारी, मिरुना मगर, सुशांक मैनाली, गौरव पहाडी, भोलाराज सापकोटा, रियर राई, तारा शर्मा, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापालगायतको अभिनय रहेको छ । पेपरस्लिपका कमल न्यौपाने र विमल न्यौपानेले निर्माण गरेको फिल्मले सम्बन्धमा आउने उतारचढावको कथा भन्ने जनाइएको छ ।

# मलिका अभिनीत 'सतीदेवी' अमेरिकामा प्रदर्शन हुने

काठमाडौं/सञ्चारकर्मी लक्ष्मण सुवेदीको निर्देशनमा बनेको फिल्म 'सतीदेवी'को अमेरिका प्रदर्शन तय भएको छ । हरितालिका तीजको अवसर पारेर आउँदो शनिबार अर्थात साउन ३१ गते (१६ अगस्ट) अमेरिकाको भर्जिनिया राज्यमा फिल्मको विशेष प्रदर्शनी हुन लागेको हो । विदेशमा 'सतीदेवी'को प्रदर्शन यो पहिलो हुनेछ ।




तन्दुरी फेयरफ्याक्स पार्टी प्यालेसमा साँझ ५ बजे सुरु हुने फिल्मको विशेष शोको टिकट मूल्य १५ डलर राखिएको छ । पुष्कर पन्तको समूहले अमेरिकामा फिल्म देखाउन लागेको हो । 'ठूली' फिल्मका निर्माता समेत रहेका पन्तले महिला प्रधान फिल्म अझै बन्नुपर्छ भन्ने उद्देश्यले 'सतीदेवी'को अमेरिकामा विशेष शो राखिएको बताए ।

निर्देशक सुवेदीले भर्जिनियापछि अन्य स्टेटहरुमा पनि फिल्मको विशेष शो हुन लागेको जानकारी दिएका छन् । चलचित्र विकास बोर्डबाट राष्ट्रिय चलचित्र अवार्ड-२०८० मा विशेष चलचित्रको पुरस्कार प्राप्त गरेको 'सतीदेवी'ले अहिलेसम्म विभिन्न विधामा एक दर्जनभन्दा बढी अवार्ड जितिसकेको छ ।

निर्देशक सुवेदी स्वयंको लेखन तथा निर्माण रहेको फिल्ममा मलिका महत, रमेश बुढाथोकी, सन्दिपबाबु लोहनी, कुलबहादुर अधिकारी, सृजना अधिकारी, बालकलाकार हर्षिका वली र मञ्जिला बानियाँ लगायतको अभिनय छ । फिल्मले अंश र वंश धान्न छोरा नै चाहिन्छ भन्ने पितृसत्तात्मक सोच र चिन्तनप्रति प्रश्न गरेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

कैलाशको वार्षिक समीक्षा:

# पुर्जीगत खर्च ७९ दशमलव ७६ प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ मकवानपुरको कैलाश गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा गरेको छ ।




मंगलबार गाउँपालिकाको सभाहलमा सम्पन्न समीक्षा कार्यक्रममा गाउँपालिकाले ७९.६९ प्रतिशत पुर्जीगत खर्च गरेको, चालुतर्फ ८२.४९ प्रतिशत प्रगति भएको कार्यपत्र प्रस्तुत गरिएको छ । ५१ करोड ६६ लाख ४० हजार रुपैयाँमध्ये ८१.४७ प्रतिशत रकम खर्च भएको आर्थिक प्रशासन प्रमुख नवीन धितालले बताए । उनका अनुसार संघीय कार्यक्रमबाट प्राप्त शर्सत, समानीकरण, समपूरक र राजश्व बाँडफाँडबाट प्राप्त हुने रकममा ८६.५८ प्रतिशत खर्च प्रगति भएको बताएका छन् । त्यस्तै प्रदेश कार्यक्रमबाट प्राप्त भएका विभिन्न अनुदान रकममध्ये ९४.२९ प्रतिशत खर्च भएको प्रमुख धितालले बताए ।

'कैलाशका १० वटा वडामध्ये वडागत कार्यक्रम र खर्च प्रगतिमा वडा नम्बर १ ले ६८.४७ प्रतिशत, वडा २ ले ८५.२६ प्रतिशत, वडा ३ ले ७८.९९ प्रतिशत, वडा ४ ले ९१.१२ प्रतिशत, वडा ५ ले ९०.३९ प्रतिशत, वडा ६ ले ७९ प्रतिशत, वडा ७ ले ७४.८४ प्रतिशत, वडा ८ ले ८२.३५ प्रतिशत, वडा ९ ले ६९.८८ प्रतिशत र वडा १० ले ९६.६१ प्रतिशत खर्च गरेका छन्,' धितालले भने । कैलाशको क्षेत्रगत खर्च प्रगतिमा आर्थिक विकासतर्फ ७१.८८ प्रतिशत, समाजिक विकासतर्फ ८५.८५ प्रतिशत, पूर्वाधार विकासतर्फ ७५.७५ प्रतिशत, सूचना तथा अन्तरसम्बन्धित क्षेत्रमा ७९.४१ प्रतिशत, कार्यालय तथा प्रशासनिकतर्फ ७८.३४ प्रतिशत रहेको उनले बताए । क्षेत्रगतको कूल रकममा ८१.३३ प्रतिशत खर्च भएको छ ।

गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको अध्यक्षतामा भएको समीक्षामा पालिका शाखागत प्रमुखहरुले आव ०८१/८२ मा भएका कामका प्रगति, समस्या र चुनौती प्रस्तुत गर्नुका साथै वडागत सचिवले वडामा भएका राजश्व संकलन, व्यक्तिगत घटना दर्ता र योजनाको प्रगतिको कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष मुक्तानले जनप्रतिनिधि र कर्मचारीबीचको समन्वयकारी भूमिकाले आव २०८१/८२ मा विभिन्न सूचक पुरा गर्दै जिल्लाकै उत्कृष्ट गाउँपालिका बन्ने बताए । आफ्नो लगनशीलता र अथक मिहेनतका साथ चालु आवमा पनि सहकार्य र समन्वयमा रहनको लागि उनले आग्रह गरेका छन् ।

गाउँसभाबाट निर्माण भएका कार्यक्रम र योजनालाई जेठ महिनाभित्र नै सम्पन्न गर्न सम्बन्धित शाखालाई निर्देशन दिँदै अध्यक्ष मुक्तानले भने, समयमै काम सक्ने अठोट लिनुस् । कैलाशमा स्वास्थ्य र शिक्षाको पहुँच पुग्दै रहेको अवस्थामा गाउँपालिकाले थप योजनाका साथ अघि बढ्ने बताए । गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले कर्मचारी साथीहरुको साथले गाउँपालिकाको विभिन्न क्षेत्रमा विकासले फड्को मार्दै आइरहेको अवस्था छ । आवश्यक साथ र समन्वयमा आगामी वर्षहरुमा पनि सहकार्य गरी अघि बढ्ने प्रतिवद्धता जनाए ।

गाउँपालिकाले बजेट कार्यान्वयनमा जति प्रगति गरेको छ आगामी दिनमा पनि अझै वृद्धिका साथ प्रगति गरिनुपर्नेमा उनले जोड दिए । कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, वडा नम्बर १० का वडाध्यक्ष सूर्यबहादुर ब्लोन, वडा ३ का कार्यबाहक अध्यक्ष राममाया प्रजा, विभिन्न शाखाका प्रमुख तथा कर्मचारीको सहभागिता रहेको थियो ।

# वन ऐन संशोधनबारे मानव अधिकारकर्मी र पत्रकारबीच छलफल



साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ बागमती प्रदेश राष्ट्रिय वन ऐनको संशोधनबारे सुझाव संकलन गर्न मंगलबार मकवानपुरमा मानव अधिकारकर्मी र पत्रकारबीच छलफल भएको छ ।

प्राकृतिक स्रोत महिलाअधिकार सञ्जालकी केन्द्रीय अध्यक्ष आरती पाठकको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायत मकवानपुरका सञ्चारकर्मीको उपस्थिति थियो । छलफलमा सहभागीले ऐनमा राख्नु नपर्ने र थप गर्नुपर्ने विषयमा विस्तृत सुझाव प्रस्तुत गरे । वन संवर्द्धन प्रणालीको परिभाषा, सामुदायिक वनबाट विक्री हुने वनपैदावारमा कर वा शुल्क लगाउने व्यवस्था, संघीय कानूनबाट हटाइसकेको चकला वन सम्बन्धी प्रावधान, कृषि, हानीकारक वन्यजन्तुसम्बन्धी व्यवस्था, समुदायमा आधारित उपभोक्ता समूहको परिभाषा, सामुदायिक वनलाई एकीकृत गर्ने व्यवस्था र दर्ता भएको वनक्षेत्र स्वत: राष्ट्रिय वन हुने प्रावधान प्रदेश ऐनमा नराख्नुपर्ने धारणा राखेका थिए ।

सामुदायिक वन उपभोक्ता समितिमा कम्तिमा ५० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, आदिवासी जनजाति तथा सीमान्तकृत समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने, सामुदायिक वनको आम्दानीको कम्तिमा ५० प्रतिशत रकम महिला सशक्तीकरण, गरीबी निवारण र उद्यम विकासमा खर्च गर्नुपर्ने सुझाव दिइएको थियो । मानवअधिकारकर्मीले संघीय र प्रदेश कानूनी संरचनाबीचको स्पष्ट समन्वय आवश्यक भएको र ऐन संशोधनमा महिला, दलित, आदिवासी जनजाति तथा सीमान्तकृत समुदायको अधिकारलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

आदिवासी जनजातिका परम्परागत अभ्यासलाई कार्ययोजनामा समावेश गर्न, उपभोक्ता समूहका नाममा वनमा आधारित उद्योग दर्ता गर्न, सीमान्तकृत घरपरिवारलाई वनपैदावार निशुल्क उपलब्ध गराउन, दलित, विपन्न तथा महिला घरमूली परिवारलाई विशेष वनक्षेत्र प्रयोगको सुविधा दिन र सामुदायिक वनको सहकार्यमा साझा व्यावसायिक योजना तथा उद्यम संचालनको व्यवस्था गर्नुपर्नेमा पनि जोड दिइएको छ ।

# उत्कृष्ट सामुदायिक र कबुलियती वन पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ डिभिजन वन कार्यालय राप्ती मनहरीले उत्कृष्ट सामुदायिक वन र कबुलियत वनलाई पुरस्कृत गरेको छ ।

डिभिजन वन कार्यालय राप्तीले 'समयमै कार्ययोजना नबीकरण गरौं, सामुदायिक वनलाई गतिशील बनाऔं' भन्ने मुलनाराकासाथ सामुदायिक वन दिवस २०८२ उत्कृष्ट सामुदायिक वन र कबुलियत वनलाई पुरस्कृत र सम्मान गर्दै मनाएको हो ।

डिभिजन वन कार्यालय राप्ती अन्तर्गत २०२ वटा सामुदायिक वन उपभोक्ता समूह र २६१ वटा कबुलियत वन उपभोक्ता समूह रहेकोमा सामुदायिक वनतर्फ वर्ष २०८१/८२ मा उत्कृष्ट हुँदै डिपाड सामुदायिक वन उपभोक्ता समूह मनहरी-६ प्रथम भएको हो । दरवारडाँडा सामुदायिक वन उपभोक्ता समूह भीमफेदी-१ द्वितीय र चनौटा सामुदायिक वन उपभोक्ता समूह हेटौंडा-१९ तृतीय भएकोथियो । उत्कृष्ट भएका तीन वन उपभोक्ता समूहले क्रमश: २० हजार, १५ हजार र १० हजार नगदसहित प्रमाणपत्र प्राप्त गरेको छ ।

यस्तै कबुलियत वनतर्फ गुप्तेश्वरी कबुलियत वन उपभोक्ता समूह भीमफेदी-४ प्रथम, क्याम्पाडाँडा कबुलियत वन उपभोक्ता समूह हेटौंडा-१९ द्वितीय र हुजुरुम कबुलियत वन उपभोक्ता समूह राक्सिराङ-५ तृतीय भएको थियो । उनीहरुले क्रमश: २० हजार, १५ हजार र १० हजार नगदसहित सम्मानपत्र प्राप्त गरे । मनहरी गाउँपालिका, राक्सिराङ गाउँपालिका, कैलाश गाउँपालिका, थाहा नगर पालिका, ईन्द्रसरोवर गाउँपालिका, भीमफेदीकौ ४ वटा वडाहरु, हेटौंडा उपमहानगरका वडाहरु १, ११ र १९ लगायत क्षेत्र डिभिजन वन कार्यालय राप्ती अन्तर्गत पर्दछ ।

सम्मान तथा पुरस्कार बितरण कार्यक्रममा फेकोफन मनहरीका अध्यक्ष रघुनाथ रुम्बाले नियमले नमिल्ने काम नगर्न र समयमै संस्था अध्यावधिक गर्न आग्रह गरे । अहिले पुरस्कृत नहुने सामुदायिक वन तथा कबुलियत वन समूहलाई नयाँ आर्थिक वर्षमा उत्कृष्ट हुनेगरी काम गर्न उनले सुझाव दिए ।

कार्यक्रममा सब डिभिजन कार्याल मनहरीका प्रमुख डटेन्द्र गोलेले सामुदायिक वन तथा कबुलियत वनको ब्यवस्थापन तथा संस्थागत विकास गर्न अब लक्षित हुनुपर्नेमा जोड दिए ।

# ईन्द्रसरोबरको प्रशासनिक भवन निर्माण अन्तिमचरणमा

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य ८० प्रतिशत भन्दा बढी सकिसकेको छ ।



गाउँपालिकाको केन्द्र रहेको खानीखेतमा ५ तले ३६ कोठे भवन निर्माणाधीन अवस्थामा छ । २०७८ कात्तिकमा सम्झौता गरी निर्माणकार्य सुरु गरिएको थियो । सम्झौताअनुसार ०८२ चैत मसान्तसम्म निर्माणकार्य सकिसक्नु पर्नेछ । उमा-मनकामना-आरवी जेभी निर्माण कम्पनीले निर्माणकार्यको ठेक्का लिएको छ । 'खानीखेतको डाँडा खारेर भवन वनाउन समय लागेकाले सम्झौता भएकै समयमा काम सम्पन्न गर्न अलि कठिन देखिन्छ,' पालिका ईन्जिनियर राजेन्द्रसिंह ठगुन्नाले भने, 'अहिले काम भइरहेको छ ।' करिब चार रोपनी जग्गामा १० करोड ७४ लाखको लागतमा कार्यालय भवन बनिरहेको हो ।

'भवन तयार भएपछि पालिकाको कार्यालय र शाखाहरु सबै एउटै छानामुनि हुनेछ', पालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीले भने, 'यो पालिकाको सिंहदरबार नै हो ।' ५ वटा वडामा विभाजित ईन्द्रसरोवर गाउँपालिकाको कार्यालय अहिले खानीखेतमै छ । ईन्द्रसरोवर गाउँपालिकाको २ नम्वर वडा कार्यालय भवनबाट पालिका बासिन्दालाई सेवा दिँदै आएको छ । स्वास्थ्य, कृषिलगायत शाखा अन्य संघसंस्थाका भवनमा आश्रय लिएर बसेका छन् । मकवानपुर १० वटा पालिकामध्ये ईन्द्रसरोवर, राक्सिराङ, मनहरी र वकैया गाउँपालिकाको प्रशासनिक भवन निर्माणाधीन अवस्थामा छन् ।

भीमफेदी, कैलाश र मकवानपुरगढीले पालिकाको भवन निर्माण गरिसकेका छन् । जिल्लाको सुदुरपूर्वमा पर्ने बागमती गाउँपालिकाले आगामी चालू आवमा पालिकाको कार्यालयका लागि पक्की भवन निर्माण गर्ने पालिकाको अध्यक्ष सर्केस घलानले बताए । बागमती गाउँपालिकाले झुरझुरेमा कच्ची भवन बनाएर पालिका बासिन्दा सेवाप्रदान गरिरहेको छ । हेटौंडा उपमहानगरपालिका र थाहा नगरको आफ्नै पक्की र सुविधायुक्त भवन छ ।

# ५ वर्षपछि वागमती प्रदेशसभाको अस्थायी भवन तयार

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ बागमती प्रदेशसभाको अस्थायी भवन निर्माण सम्पन्न भई मंगलबार उद्घाटन गरिएको छ । शिलान्यास भएको पाँच वर्षपछि भवन तयार भएको हो ।

हेटौंडा उपमहानगर पालिका-१० स्थित प्रदेशसभा सचिवालय परिसरमा बनेको भवनको उद्घाटन वागमती प्रदेशसभा सभामुख भुवनकुमार पाठकले गरे । अस्थायी भवनको शिलान्यास २०७७ मंसिरमा गरिएको थियो । प्रदेशसभा सचिवालयका सचिव पूर्णबहादुर दर्जीका अनुसार कुल १२ करोड ३३ लाख रुपैयाँ लागतमा भवन निर्माण सम्पन्न भएको हो । स्थायी संरचना निर्माणमा ढिलाइ भएपछि अस्थायी प्रयोगका लागि प्रिफ्याव प्रविधिबाट यो भवन तयार गरिएको हो । वि.सं. २०७४ माघ १८ गतेको बैठकवाट आफ्नो कार्य प्रारम्भ गरेको प्रदेशसभाले २०७७ मंसिर १० गते मात्रै अस्थायी भवनको शिलान्यास गरेको थियो ।

अर्घाखाँची-सगुन-पारमाउन्ट जेभीले १८ महिनामा काम सक्ने गरी २०७७ कार्तिक १९ गते ४ करोड ९४ लाख रुपैयाँमा भवन बनाउने ठेक्का पाएको थियो । निर्माण कम्पनीले ढिलो गरी संरचना निर्माण गऱ्यो र थप कामका लागि २०८० फागुन २३ गते सिउँडी निर्माण सेवासँग ३ करोड ५३ लाख रुपैयाँमा सहरी भवन कार्यालयले ठेक्का सम्झौता गरेको थियो ।

प्रदेशसभाले सिउँडी इन्टरनेशनल प्रालिसँग भवनमा फर्निचर/फर्निसिङ कार्यका लागि २ करोड २४ लाख ७३ हजारमा ठेक्का सम्झौता गरेको हो । यसअघि तत्कालीन क्षेत्रीय शिक्षा निर्देशनालयको साँघुरो सभाहलमा प्रदेशसभा बैठक सञ्चालन हुँदै आएको थियो । नवनिर्मित प्रदेशसभा हलबाटै नवनियुक्त मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले विश्वासको मत लिएका हुन् ।

# युवापुस्ता समाज र राष्ट्रको मेरुदण्ड: प्रदेशप्रमुख देवकोटा

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले युवापुस्ता समाज र राष्ट्रको मेरुदण्ड भएको बताएका छन् ।

'युवाशक्ति संभावना र सृजनशीलताको जीवन्त स्रोत भएको उनले बताए । 'दीगो र समृद्ध भविष्य निर्माणका लागि आवश्यक पर्ने तीन आधारस्तम्भ विबेकप्रदत्त ज्ञान, संस्कार र सेवा-भाव हुन्, र यी तीनैको वाहक युवाशक्ति हो' उनले भने ।

ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र युवा प्रभागद्वारा अन्तर्राष्ट्रिय युवा दिवसको अबसरमा आयोजित 'दिगो भविष्यका लागि युवा सशक्तीकरण' विषयक कार्यक्रममा उनले यस्तो बताएका हुन् । जब युवामा आत्मचेतना, अनुशासन र सेवाउन्मुख जीवन दृष्टि हुन्छ, तब मात्र समाज र देशले उज्यालो र चिरस्थायी गन्तव्य लिन सक्ने प्रदेशप्रमुख देवकोटाको भनाई छ ।

'आजको युगमा हामीले विकासको गति मात्र होइन, त्यसको गुणस्तर र स्थायित्वमा पनि ध्यान दिनु आवश्यक छ' देवकोटाले बताए । दिगो भविष्य भनेको केवल भौतिक समृद्धि नभई यो नैतिक बल, अनुशासन, सामाजिक एकता, सद्भाव र आन्तरिक शान्तिसँग गाँसिएको समृद्धि भएको उनले बताए । प्रदेशप्रमुख देवकोटाले धेरै मानिस क्षमता नभएर होइन नचिनेर पछि परेका बताए । युवाले क्षमता चिन्नुपर्ने र समाजले युवालाई हौसला दिनुपर्ने उनको भनाइ थियो ।

आध्यात्मिक चेतनाले युवालाई कुशल, सवल, संस्कारी, अनुशासित बनाई सफल र असल बनाउने भएकोले आम युवालाई आध्यात्मिक चेतनाको द्वार खोली सफल जीवनको मार्गमा अघि बढ्न आह्वान उनले गरे ।

युवावर्ग सशक्तीकरण र दीगो भविष्यको स्वर्णिम द्वार खुल्न आतुर रहेको उनले उल्लेख गरे । ब्रह्माकुमारी शुशीलाको अध्यक्षतामा भएको कार्यक्रममा अन्तर्राष्ट्रियरुपमा ख्यातिप्राप्त उत्प्रेरक बाबुराजा शाहले युवालाई उत्प्रेरणात्मक परामर्श गराएका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

## भवन निर्माणको ज्याला दररेट पेश गर्ने संसोधित कोटेशन आह्वानको १५ (पन्ध्र औं दिने) म्याद थप सम्बन्धित सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/०४/२७

यस निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जि.म. हे.उ.म.न.पा.वडा नं.-४ स्थित कि.नं. ३३४८ र ३२५९ को जग्गामा बहुउद्देश्यीय भवन निर्माण गर्ने निर्णय भए अनुसार उक्त भवन निर्माण कार्य निर्माण सामाग्रीहरु (छड, सिमेन्ट, इट्टा, गिट्टी, वालुवा, झ्याल, ढोका, शटर रेलिङ्ग) वाहेक सम्पुर्ण सिमेन्ट सम्बन्धी कार्यहरु ज्याला दररेटमा गराउनुपर्ने भएको हुदाँ उक्त ५ तल्लाको बहुउद्देश्यीय भवन तथा रुफटप समेत के कति दररेटमा गर्न सकिन्छ सो को ज्याला दररेट पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ

**सर्तहरु**

१. दरभाउपत्र फारम यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र निर्माण व्यवसायी संघ मकवानपुरको कार्यालयबाट खरिद गरी १६ औं दिनको १२:०० वजे भित्र दर्ता गरी सक्नुपर्ने छ ।
२. दरभाउपत्र खरिद गर्नको लागि यस संघको नविल बैक हेटौडा शाखामा रहेको चल्ती खाता नं. ०२३०१०१७५०१९८० मा रु १,००० (एक हजार मात्र पछि फिर्ता नहुने) जम्मा गरेको सक्कल भौचर सहित निवेदन पेश गर्नुपर्ने छ ।
३. दरभाउपत्र दाता फर्म वा कम्पनी भए नविकरण भएको इजाजत पत्र, पान दर्ता प्रमाण पत्र, २०८०/०८१ कर चुक्ता प्रमाण पत्र तथा व्यक्ती वाट भए नागरिकताको प्रतिलिपि सहित दरभाउपत्र खरिद गर्न सकिने छ ।
४. म्याद नाघी प्राप्त भएको वा रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
५. दरभाउपत्र पुर्ण रुपमा स्विकृत गर्ने वा अस्विकृत गर्ने अधिकार यस संघमा निहित रहने छ ।
६. दररेट पेश गर्दा प्रत्येक तल्लाको छुट्टा-छुट्टै छत नापि गरेर (साइड बाहेक) भुक्तानी पाउने गरी प्रत्येक तल्लाको छुट्टा-छुट्टै दररेट पेश गर्नु पर्ने छ ।
७. यस बहुउद्देश्यीय भवनमा लिृट समेत रहने र नक्सा अनुसार शेयर वाल समेत रहने हुदाँ नक्सा, निर्माण स्थल र स्पेशिफिकेशन हेरी बुझी अध्यन गरेर मात्र दररेट पेश गर्नु पर्ने छ ।
८. भवन निर्माणको लागि आवश्यक सम्पुर्ण निर्माण सामाग्रीहरु यस संघले खरिद गरी दिने तर मिक्चर, भाइब्रेटर, लिफ्ट, कम्प्याक्टर मंकी जम्पर, वुट, हेल्मेट, सेफ्टी सामानहरु, क्युव वाक्सा भोल्ड, अरु आवश्यक औजारहरु सम्पुर्ण निर्माण कर्ताले आफै व्यवस्था गर्नु पर्ने छ ।
९. कार्य अवधिभर निर्माण कार्य गर्दा साइड इन्चार्ज, सुपरभाइजर, कामदारहरु सम्पुर्णको तेस्रो पक्ष र धरौटी रकम रु. ३०,०००। (तीस हजार मात्र) यस संघको खाता नं. ०२३०१०१७५०१९८० मा जम्मा गरेको सक्कल भौचर पश्चात सम्झौता गरिनेछ ।
१०. फलामको प्रप्सको टेका र प्लाई उडको फर्मा प्रयोग गर्नुपर्ने छ ।
११. यस सूचनामा प्रकाशित भएका कुराहरु यसै अनुसार र अन्य कुनै प्रावधान भए प्रचलित कानुन अनुसार हुनेछ ।

सम्पर्क
कार्यालय फोन नं. : ०५७-५२०८१६
मोवाईल नं. : ९८५५०१५८१६
ईमेल : caofmakwanpur@gmail.com

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना